# मकवानपुरका केही पुरातात्विक उपलब्धि ।

–साफल्य अमात्य

जुनसुकै स्थलको ऐतिहासिक जिज्ञासालाई भूगोलले ठूलो साथ दिएको हुन्छ । मकवानपुर जिल्लाको पनि पुरातात्विक एवं ऐतिहासिक तथ्यहरू बारे बढी जानकारी प्राप्त गर्न त्यहाँको भौगोलिक स्थिति राम्ररी बुझ्नु पर्दछ ।

मकवानपुर जिल्ला काठमाडौं उपत्यकाको ठीक दक्षिणमा पर्दछ । यस जिल्लाको सदर मुकाम हाल भीमफेदी हो ।

(२०२७ साल माघ महीनामा श्री ५ को सरकार, पुरातत्व विभागका अभिलेख विशेषज्ञ श्री साफल्य अमात्यको नेतृत्वमा निम्न लिखित व्यक्तिहरूको एक चार सदस्यीय टोलीले करीब एक महीनासम्म नारायणी अंचलको मकवानपुर जिल्लाका विभिन्न पुरातात्विक एवं ऐतिहासिक स्थलहरूको सर्भेक्षण, अन्वेषण तथा सामग्री संकलन सम्बन्धी भ्रमण गरे । उक्त टोलीका अरु सदस्यहरू राष्ट्रिय अभिलेखालयका का.मु. सम्पादक श्री शंकरमान राजवंशी, माइक्रोफिलिमिष्ट श्री विजयशंकर श्रेष्ठ र पिउन श्री धर्मरत्न बज्राचार्य हुनुहुन्थ्यो । उक्त टोलीले मकवानपुर जिल्लाका विभिन्न पुरातात्विक स्थलहरू जस्तै तिस्टुङ्ग, पालुङ्ग, मकवानपुर गढी, भिमफेदी, हिटौडा आदि स्थानहरूको भ्रमण गर्‍यो । सर्वप्रथम उक्त टोलीले ऐतिहासिक कागजातहरू, हस्तलिखित ग्रन्थहरू शीलालेख तथा अरू किसिमका अभिलेखहरूको सर्भेक्षण, नक्कल उत्तार, फोटो उत्तार र सकेसम्म संकलन गर्ने कार्य गर्‍यो । साथै उक्त टोलीले प्राचीन स्मारकहरू, भग्नावशेषहरू, र कलात्मक वस्तुहरू जस्तै मूर्ति आदिको पनि विस्तृत रूपमा अध्ययन, फोटो उतार, सर्भेक्षण एवं सकेसम्म सुरक्षित गर्ने कार्य र ऐतिहासिक तथा पुरातात्विक तथ्यहरूको जानकारी पनि धेरै मात्रामा प्राप्त गर्‍यो । –सम्पादक )

यस जिल्लाभित्र तिस्टुङ्ग, पालुङ्ग, भीमफेदी, मकवानपुर गढी, हिटौडा, चितलाङ्ग, मार्खु आदि गरी जम्मा ३४ वटा पंचायतहरू छन् । यो जिल्लाको सिमाना काठमाडौं उपत्यकासंग जोडिएको छ । यो जिल्ला नेपालको मित्री–मधेसमा पर्दछ । यहाँ जाडोमा जाडो र गर्मीमा गर्मीनै हुन्छ । तर मकवानपुर र हिटौडाबाहेक अरू ठाउँहरूमा धेरैजसो जाडो नै हुन्छ । बाटोघाटोको राम्रो सुविधा भएको हुनाले वर्षभरि जुनसुकै समयमा पनि यो जिल्ला घुम्न सकिन्छ । जिल्लाभरि जाडोको याममा जतासुकै मोटर चले तापनि गाउँका मुख्य, मुख्य वस्ती भएको ठाउँमा पुग्न पैदलै हिंड्नुपर्दछ ।

## मकवानपुरः–

"मकवानपुर" भनी यस जिल्लाको नाउँ प्राचीन सेन वंशका राजाहरूको राजधानी मकवानपुर भन्ने ऐतिहासिक नाउँबाटनै रहन गएको हो कि जस्तो बुझिन्छ । हुनत त्यस वेला मकवानपुर एउटा राजधानी मात्र नभै एउटा विशाल सेनराज्य पनि थियो । जसको राजधानी हाल देखा परिरहेको मकवानपुर गढीलाई नै मानिन्थ्यो । प्राचीन ग्रन्थहरूमा मकवानपुरलाई "माकन्दपुर" भनिएको छ । (१) कोही भन्दछन् राजा मुकुन्द सेनले स्थापना गरेको राज्य भएको हुनाले यसलाई "मकवानपुर" भनेको हो । जे होस्, आज मकवानपुर, नारायणी अंचलको एक प्रमुख जिल्ला हो । यस नाउँले आजसम्म पनि ती प्रतापी मकवानी सेन राजाहरूलाई अझै जियाइराखेको छ जसले अठारौं शताब्दीको अन्त्यसम्म पनि नेपालतराईको एउटा ठूलो भूभागमाथि आफ्नो अधिकार राखेका थिए । तर जसरी आज त्यो

मकवानपुरको विशाल राज्य र ती प्रतापी सेन राजाहरू नेपालको बृहत् इतिहासभित्र मात्र छ। त्यस्तै तिनीहरूको राजधानीमा स्थित त्यो विशाल किल्ला पनि सिर्फ एक भग्नावशेषके रूपमा मात्र बाँकी रहेको छ। (फलक १क)

नेपाल अधिराज्यका विभिन्न भागहरूमा खास गरी गण्डकीपारिदेखि कोशीवारिसम्मको भित्रीमधेस र तराई क्षेत्रहरूमा सेन वंशका राजाहरूले करीब सोह्रौं शताब्दी-अघिदेखिनै राज्य गरिआएको देखिन्छ। नेपालको इतिहास-मा सर्वप्रथम एक सेन राजाको उल्लेख काठमाडौंका राजा रत्न मल्लको समयमा गरिएको छ। तत्कालीन पाल्पाका सेन राजा मुकुन्द सेन (प्रथम) थिए। रत्न मल्ल पन्ध्रौं शताब्दीको अन्त्यतिरको (A. D. 1491) काठमाडौंका राजा थिए। वंशावलीअनुसार रत्न मल्ल काठमाडौंका एक शक्तिशाली राजा थिए। उनको मातहतमा छब्बीसवटा ठूलठूला गाउँहरू थिए ती मध्ये पाटन, कीर्तिपूर, फरपिङ्ग, गोकर्ण आदि हुन्। (१) इतिहास शिरोमणि श्री बाबुराम आचार्यको भनाइअनुसार पनि रत्न मल्ल र मुकुन्द सेन समकालीन राजाहरू थिए। मुकुन्द सेन सोह्रौं शताब्दीको अन्त्यदेखि सत्रौं शताब्दीको शुरु, शुरुसम्म पाल्पाका राजा थिए। (वि.सं. १५७५–१६१०) उनको राज्यको क्षेत्रफल कत्रो थियो भन्ने कुरा अझै विवादास्पद छ। तर सेनवंशा-वलीहरूअनुसार तराईमा मोरङ्गसम्म र पहाडमा दूधकोशी-सम्म फैलिएको थियो। उनको समयमा काठमाडौंका मल्ल राजा रत्न मल्लले कुकुजातिका भोटेहरूले काठमाडौंमाथि हमला गर्दा तिनीहरूबाट रक्षा गर्न पाल्पाका सेन राजा मुकुन्द सेनसंग मद्दत मागी पठाएका थिए र उनैको मद्दतले रत्न मल्लले भोटेहरूलाई धपाई पठाउन सफल भएको कुरा पनि वंशावलीहरूमा उल्लेख गरिएको छ। यसरी धेरैजसो इतिहासहरूले मुकुन्द सेनलाई पन्ध्रौं शताब्दीको अन्त्य र सोह्रौं शताब्दीको शुरु शुरुको विशाल पाल्पाली सेनराज्य-का राजा मानेका छन्। (A.D. १४८२–१५२०)

तर पद्मागिरिको वंशावलीमा राजा मुकुन्द सेनलाई बाह्रौं शताब्दीको अन्त्यतिरको (A.D. 1188) कर्नाटक वंशका राजा रामसिंहदेव अथवा उनको छोरा हरिदेव अथवा हरिसिंहदेवका समकालीन राजा थिए भनी लेखेको छ। उक्त वंशावलीमा मुकुन्द सेनको नेपाल उपत्यकामाथिको हमलालाई यसरी बयान गरेको छ— फसलको वेलामा राजा मुकुन्द सेनले ठूलो फौज लिएर नेपाल राज्यमाथि हमला गरे, उनको हमलादेखि जनताहरू त्राहि, त्राहि भए। भयभीत जनताहरू आफ्नो ज्यान बचाउन भागाभाग गर्न थाले। त्यसपछि मुकुन्द सेनले ठूलो लूटमार मचाए। मन्दिर र मूर्तिहरू भत्काई, बिगारी नासिदिए र मत्स्येन्द्र-नाथ (सेतो) को विहारबाट एउटा भैरवको मूर्ति उठाई आफ्नो राजधानी तानसेन लगे। भनिन्छ त्यो भैरव तानसेन-नजीकै एउटा स्थलमा अझै विद्यमान छ। लूटको धनमाल-सहित जब राजा मुकुन्द सेन आफ्नो देशतर्फ फर्कंदै थिए, त्यसै बेला पाटनका जनताहरू मत्स्येन्द्रनाथ (रातो)को यात्राको लागि तयारी गर्दै थिए। सेनफौजको होहल्ला सुनी पाटनका जनताहरू डराई भागाभाग गर्न थाले र मत्स्येन्द्रनाथलाई पनि बाटैमा छोडी गए। राजा मुकुन्द सेन देवताको अगाडि पुगे र पाँचवटा नागहरूले देवतालाई आआफ्ना मुखहरूबाट जल वृष्टि गरिरहेको देखी उनी बडो अचम्म भए। तत्कालै राजाले पनि आफ्नो घोडाको टाउकोबाट एउटा सुनको माला झिकी देवतालाई चढाए र देवताले पनि त्यो स्वीकारे। त्यसै वेलादेखिन् मत्स्येन्द्रनाथ (रातो) संग सुनको माला रहन गएको हो पनि भन्दछन्। वंशावली फेरि भन्दछ— तर यसरी मुकुन्द सेनको फौजले गरेको घोर अन्याय, अत्याचारलाई भगवान् पशुपतिनाथले सहन सकेनन्। भगवान्को रिस प्रज्वलित भयो र एकै हप्ताभित्र विशाल सेनसैनिकहरू प्रलयका शिकार भए। यस्तो देखी राजा साह्रै दुःखित भए र एक साधुको रूप धारण गरी स्वदेश फर्के। (४) कोही भन्नछन्— उनले देवघाट त्रिवेणीमा गई शेषजीवन वानप्रस्थमा बिताए।

मुकुन्द सेनलाई बाह्रौं शताब्दीका सेन राजा र मूर्ति-नाशक राजा आदि जे भने तापनि कुनै कुनै वंशावलीहरूमा बाहेक यो कुरा अरू कतै उल्लेख गरिएको छैन। तर धेरै-जसो वंशावलीहरूमा उनलाई रत्न मल्लको समकालीन भनी मानेको हुनाले उनी सोह्रौं शताब्दीके राजा हुनु धेरै संभव छ। फेरि सेन राजाहरू खास हिन्दू धर्मावलम्बी राजाहरू थिए भन्ने कुरा उनीहरू मध्ये मकवानपुरका सेन राजाहरूले आफूलाई "हिन्दूपति" भनी गौरव गर्ने र मोरङ्ग-को प्रसिद्ध वराहक्षेत्र र मकवानपुर किल्ला, पाल्पा आदि स्थानहरूमा सेनहरूको पालादेखि पुज्दै आएका विभिन्न

देवदेवीका मन्दिर तथा मूर्तिहरूले पनि जनाउँदछ । कुनै कुनै वंशावलीहरूमा मुकुन्द सेनलाई बर्बर, लुटेरा र विधर्मी राजा देखाए तापनि यस कुरालाई कुनै ठोस प्रमाणले पुष्टि गरेको छैन । यदि काठमाडौं उपत्यकाभित्र पाल्पाली सेन-हरूले हमला गरेको भए सेन वंशावलीहरूमा यसको विना-कुनै हिचकिचाहट उल्लेख हुन्थ्योहोला तर पाल्पाली सेनहरूको वंशावलीमा यस्तो कुनै पनि घटनाको उल्लेख भएको छैन । तसर्थ प्रसिद्ध इतिहासकार सिलभेनलेभिले भनेका छन्– सायद आखिरी कर्नाटक राजा हरिदेवलाई खसहरूले आई तेह्रौं शताब्दीको आधाआधीमा ( A.D. 1258 ) राज्यच्युत गरेको घटनालाई नै सायद पद्मगिरी र राइटले पाल्पाको मुकुन्द सेनको हमला संझेको हुन सक्दछ । इतिहासकार लुयी सानो पेट्रीकले पनि भनेका छन्– मुकुन्द सेनको बारेमा ऐतिहासिक तथ्यहरूलाई धेरैजसो दन्त्यकथाहरूले छोपेका छन् । हुन पनि यो यस्तै देखिन्छ ।

पश्चिम नेपालका चौबीसे राज्यहरू मध्ये पाल्पा एक शक्तिशाली राज्य थियो । पाल्पामा सेनहरूको राज्य पन्ध्रौं शताब्दीतिरनै स्थापना भैसकेको कुरा प्रमाणित भैसकेको छ । सेनहरू पनि भारतबाट आई नेपालको जंगली र पहाडी क्षेत्रभित्र पसी आफ्नो राज्य खडा गर्ने वंशहरू मध्ये एक थिए । ईशाको बाह्रौं शताब्दीमा भारतको बंगलाप्रान्तमा सेनवंशीय राजाहरू राज्य गर्दथे । जब सन् ११९९ तिर भारत विजय गर्दै आएका मुसलमानहरूले यिनीहरूलाई पराजित गरे त्यति वेला नै यिनीहरू आफ्नो बचाउका लागि भागेर बंगाल छोडी हिमालमतिका पहाडी तथा जंगली प्रदेशहरूभित्र पस्न थाले । ती प्रदेशहरूमा पछि विस्तारै आफ्नो अधिकार गरेर राज्य स्थापना गरी बस्न थाले । यसरी यिनीहरूले मकवानपुर, विजयपुर, पाल्पा आदि स्थानहरूमा धमाधम आफ्ना राज्यहरू स्थापना गरे । (५) तर यी सेनहरू नेपालको भूभागमा सवैभन्दा पहिले कहाँ पसेका थिए भन्ने कुरामा इतिहासकारहरूका विभिन्न विचारहरू छन् । तिनीहरू पहिले पाल्पातिर पसेका हुन् वा मकवानपुरतिर पसेका हुन् त्यो थाह पाउन सकेको छैन । तर पुरातत्व विभागका प्र. अ. अधिकारी श्री जनकलाल शर्माको भनाइअनुसार वि. सं. १००० अर्थात् एघारौं शताब्दीमै मकवानपुर एक विशाल तथा शक्तिशाली सेन राज्य भैसकेको थियो । त्यस बेलानै काठमाडौं उपत्यका बाहेक नारायणीदेखि पूर्व र टिस्टानदीदेखि पश्चिम हाल भारतका धेरैजसो जिल्लासमेत मकवानपुर राज्यमा परेको अनुमान गरिएको छ । साथै मकवानपुरका सेनहरू बंगालकै सेन वंशका एक शाखा थिए भन्ने पनि अनुमान गरिएको छ । उहाँको भनाइअनुसार पाल्पाली सेनहरू मकवानपुर आएका हुन् कि मकवानपुरे सेनहरू पाल्पा गएका हुन् त्यो भन्न गाह्रो छ । तर पुराणहरूको उल्लेखअनुसार मकवान-पुरेहरूनै पछि पाल्पा गएका हुन् भन्ने धेरैको भनाइ छ (६) पाल्पाली सेन राजाहरूले आफूलाई मकवानपुरबाट आएका हौं भनि उल्लेख गरेको पाल्पाली सेनवंशावलीहरूमा पनि छ । यो कुराको अझै धेरै अनुसन्धान गर्न बाँकीनै छ । हालको मकवानपुर गढीमा पनि यसको प्राचीनताबारे खास कुनै पुरातात्विक सामग्रीहरू देखा परेका छैनन् । भग्न किल्लाको बनौटको अध्ययन गरी हेर्दा त्यो किल्ला सत्रौं शताब्दीअघि बनेको होइन जस्तो देखिन्छ । मकवानपुर हटिया माडीबाट करीव दुइ घण्टाको उकालो चढेपछि मकवानपुरगढी पुगिन्छ । एउटा प्राचीन सेनवंशावलीमा यो किल्ला तुला सेन नाम गरेका एक राजाले बनाएको छ । उक्त वंशावलीअनुसार चितौडका एक राजा चित्र सेनका दुइ जना भतिजा जिल राय र अजिल राय सर्वप्रथम आफ्ना सात सय सैनिकहरूका साथ हिमालयको फेदीतीर पसेका थिए । यस समयमा गण्डकीको पश्चिमी खण्डको भामरक्षेत्रमा कर्णसिह नामक कुनै सामान्य जातिका राजा राज्य गर्दथे । यिनको राजधानी राजपुरमा थियो । जिल र अजिल राय यिनैको सेवामा थिए । यसरी बाईस वर्षसम्म कर्णसिहको सेवा गरिसकेपछि अजिल राय अथवा अजिल सेनले सो राज्यको आफैं राजा भए । अजिल सेनपछि त्यो वंशमा तुला सेनको नाम भेटिन्छ । यी राजाले नै मकवान-पुरगढीको निर्माण गराएका थिए भनी लेखिएको छ । तुला सेनपछि यिनको वंशमा दलभञ्जन सेन, गजपति सेन, चन्द्र सेन, रुद्र सेन (प्रथम) यी सेनराज गढीमा बसेका थिए । (७) यसअनुसार उक्त गढी मुकुन्द सेनभन्दा अघिनै बनेको भन्ने सिद्ध हुन्छ । त्यसैले पनि कोही, कोही इतिहासकारहरू सेनहरू मकवानपुरबाटनै पाल्पातर्फ गएका हुन् कि भनी विश्वास गर्दछन् ।

सेनहरू आफूलाई रजपूत भनी भन्दथे । वि. सं. १८२५ मा तनहुँका सेनराजा कामारिदत्त सेनको पालामा

लेखिएको एक प्राचीन सेनवंशावलीमा यिनीहरूले आफूलाई "सिसोदियावंशी" र आफ्ना पुर्खा मदन राय भनी बयान गरेको छ। वि.सं. १८५९ मा लेखिएको भवदत्तकृत सेन-वंशावलीमा सेनहरू आफूलाई चितौडका राजा नाग सेनका वंशका हौं भनी भन्दछन्। एउटा अर्को सेनवंशावलीमा सेनहरूले आफूलाई चितौडका राजा चूडाराजदेखि लिएको छ। जे होस्, सेनहरू हिन्दूधर्मावलम्बी राजा थिए। धेरै-जसो इतिहासहरूमा यिनीहरूबारे यसरी उल्लेख गरिएको छ– वि.सं. १५०० तिर याने सोह्रौं शताब्दीमा पाल्पामा खाम सेन नामक एक राजाले राज्य खडा गरी बसेका थिए। यिनका छोरा चन्द्र सेन थिए। चन्द्र सेनका छोरा रुद्र सेनले तानसेनमा राजधानी बनाए। यी रुद्र सेन प्रतापी राजा थिए। मुकुन्द सेन (प्रथम) यिनै रुद्र सेनका छोरा थिए। सेनहरूमा सबैभन्दा ख्यातिप्राप्त राजा यिनै मुकुन्द सेन भए। विक्रम सवत् १५७५ देखि १६१० सम्म यिनले तराइप्रदेशमा मोरङ्गसम्म र पहाडप्रदेशमा दूधकोशीसम्म विजय गरी राज्य चलाएका थिए। यिनको राज्यविस्तारको सम्बन्धमा हिमवत्‌खण्ड पुराणमा भनिएको छ– उनको राज्य पूर्वमा वराहक्षेत्रको अन्त्यसम्म (वर्तमान मोरङ्ग, झापा, पूर्णिया, जलपाईगुढीसम्म) पश्चिममा रिडीक्षेत्रको अन्तसम्म (रिडी, अर्घा खांची, गुल्मीसम्म), उत्तरमा मुक्ति क्षेत्र (बागलुङ्ग र मुस्ताङ्ग)सम्म, दक्षिणमा हरिहरक्षेत्र (वर्तमान भारतको मुज्जफ्फरपुर, छपरा)सम्म थियो। उक्त पुराणमा पनि सेन राजाहरूलाई 'मकवानीय वंशीय" भनी लेखेको छ। त्यसैले पनि धेरैजसो इतिहासकारहरू सेनहरू-लाई मकवानपुरबाटनै पाल्पा र अरू ठाउँहरूमा गएका हुन् भनी विश्वास गर्दछन्। (८) राजा मुकुन्द सेन बडो धर्मात्मा र नीतिपरायण राजा थिए। यिनले गुल्मीका राजाकी छोरीसंग विवाह गरेका थिए। पर्वतका राजा नारायण मल्ल मुकुन्द सेनका जुवाइं थिए। त्यसताका पर्वत, गुल्मी आदि पनि स्वतन्त्र तथा बलिष्ठ राज्यहरू थिए। (९) राजा मुकुन्द सेन ज्ञानी, धर्मात्मा र बुद्धिमान् भएका हुनाले यिनलाई दुनियाको तर्फबाट महाराज मुनि मुकुन्द सेन भन्ने पदवी मिलेको थियो। वि. सं. १६१० मा यिनको मृत्यु भयो। यिनको पृथ्वीपाल सेन, मृगी सेन, लवङ्ग सेन र चन्द्र सेन नामक चार छोराहरू थिए। (१०) तर सेनवंशावलीहरूले यिनका छोराहरूका विभिन्न नाउँहरू दिएका छन्। जस्तै जेठो माणिक्य सेन, माहिलो मृगी सेन, साहिलो विनायक सेन र कान्छो लौहाङ्ग सेन। जे होस् मुकुन्द सेनको मृत्युपछि यिनका चार छोराहरूले विशाल सेनराज्यलाई बांडी लिए। तर इतिहासकारहरू विश्वास गर्दछन्– राजा मुकुन्द सेनले आफू जीवित छँदैमा वानप्रस्थमा जानुअगाडि आफ्नो राज्य सबै छोरा, भतिजा तथा नातिहरूलाई बांडिदिएका थिए। जसअनुसार जेठो छोरा माणिक्य सेनले पाल्पा, मृगी सेनले तनहुं, विनायक सेनले बुटवल, र लौहाङ्ग सेनले मकवानपुरको राज्य पाए। साथै उनले आफ्ना भतिजा राम सेनलाई रिसिङ्ग र नाति चन्द्र सेनलाई राजापुरको राज्य दिएका थिए। (११) भर्खरै खडा भएको विशाल राज्यलाई यसरी टुक्रा, टुक्रा पारी मुकुन्द सेन नयाँ नेपालको जन्मदाता हुनुबाट वञ्चित हुनु-पर्‍यो जुन श्रेय पछि श्री ५ पृथ्वीनारायणले लिए (१२) तर हामी यहाँ खास गरी मकवानपुर सेनवंशीय राजाहरू-संग सम्बन्धित छौं।

मुकुन्द सेन (प्रथम)को मृत्युपछि उनका कान्छा छोरा लौहाङ्ग सेन मकवानपुरका राजा भए। यिनी एक प्रतापी राजा थिए। यिनी साह्रै अभिषाली राजा थिए। यिनले आफू युवराज छँदैमा सम्पूर्ण तराइभूमि र मोरङ्गसम्म सेन-राज्य फैलाएका थिए। यसरी नेपालको तराइक्षेत्रमा विशाल सेनराज्य स्थापना गर्ने यिनले तत्कालीन किरात राजाहरूसंग मित्रता राखेका थिए। विजयपुरका किरातराजा विजयनारायणको अकस्मात् मृत्यु हुंदा लौहाङ्ग सेन कोशी प्रदेशमै थिए र त्यति वेलानै उनले विजयपुरमाथि हमला गर्ने विचार गरेका थिए, तर हमला नै गर्न नपरी विजयपुर लौहाङ्ग सेनको हातमा पर्‍यो। यसरी पूर्वी तराईसहितको विशाल मकवानपुर राज्यको सर्वप्रथम सेनराजा लौहाङ्ग सेन नै भए।

पृथ्वीनारायण शाहले खडा गरेको विशाल नेपालभित्र नगाभिएसम्म मकवानपुरराज्यमा निम्न राजाहरूले राज्य गरेका थिए। (१) राधा सेन अथवा राघव सेन (२) हर-भञ्जन सेन (३) शुभ सेन (४) माणिक्य सेन (५) हेमकर्ण सेन (६) दिग्बन्धन सेन। लौहाङ्ग सेनपछि यिनका छोरा राघव सेन राजा भए। राघव सेनले पनि मोरङ्गसम्म विजय गरेका थिए। यिनी जनप्रिय राजा थिए। वंशावली-हरूमा लौहाङ्ग सेनकी सातवटी पत्नीहरूको नाउँ उल्लेख

गरिएको छ– श्री अनूपावती, श्री कल्याणमती, श्री साहेव देवी, श्री दुलहिनी देवी, श्री कोइली देवी, श्री कर्पूरावती देवी,र श्री गंगावती । राघव सेनपछि उनका छोरा हरिहर, इन्द्रदेव, हरभञ्जन सेन, हरिचन्द्र सेन अथवा हरिहर सेन राजा भए । राष्ट्रिय अभिलेखालयमा सुरक्षित स्याहामोहर-अनुसार यिनको राज्य पनि मोरङ्गसम्म फैलिएको देखिन्छ । उक्त स्याहामोहरअनुसार यिनी वि.सं. १७१९ तिरका राजा थिए । (१३) हरिहर सेनले आफूलाई "हिन्दूपति" भन्ने उपाधिले विभूषित गरेका थिए । तर उनी धेरै शक्तिशाली राजा थिएनन् । उत्तराधिकारीको विषयलाई लिएर उठेको घरझगडामा उनले केही समयसम्म आफ्नो जेठो छोरा महाकुमार सेनको हातबाट बन्दी बन्नुपरेको थियो । आफ्नो जेठो छोरा महाकुमार सेनसंग मनमुटाउ भएपछि राजा हरिहर सेनले आफ्नो राज्य कान्छो छोरा शुभ सेन र भर्खरै जन्मेको नाति इन्दुविधाता सेनलाई बांडिदिए । आफ्ना मन्त्रीहरूको छलकपटले गर्दा शुभ सेन र इन्दुविधाता सेन दुवैलाई पूर्णियाका नवाव इसपन्दर खांको हातमा कैदी हुनुपऱ्यो । भनिन्छ इसपन्दर खांले ती दुवै सेनराजाहरूलाई कैदी बनाई दिल्ली पठाए, जहां तिनीहरूको जातिच्युत गरियो । शुभ सेनलाई मुगलसम्राट् औरङ्गजेबले कैदी गरेका थिए र कैदी सेन राजाले मुगलहरूसंग हात्तीकर तिर्ने गरेर सन्धि गरी छुट्कारा पाएका थिए भनी उल्लेख गरिएको छ । (१४) शुभ सेनलाई इसपन्दर खांले कैदी बनाइसकेपछि उनका दुई छोराहरू महीपति सेन र माणिक सेनलाई किरातहरूले बचाएका थिए । यिनै किरातहरूको मद्दतबाट र खास गरी किराती नेता विद्याचन्द्र राईको मद्दतबाट यिनीहरू आफ्नो पैतृक राज्यमाथि फेरि कब्जा गर्न सफल भए । माणिक सेनले कमलानदीभन्दा पश्चिमको सेनराज्य कब्जा गरी मकवानपुरलाई नै राजधानी बनाए । महिपति सेन चाहि विजयपुरका राजा भए । (१५) करीब बीस वर्षसम्म शान्तिपूर्वक राज्य गरिसकेपछि उनको मृत्यु भयो । उनको मृत्युपछि उनका चार छोराहरू मध्ये जेठा हेमकर्ण सेन मकवानपुरका राजा भए । हेमकर्ण सेन पनि आफूलाई "हिन्दूपति" भन्दथे । यिनले आफ्नी छोरी इन्द्र॰ कुमारीको विवाह गोरखाका राजा पृथ्वीनारायण शाहसित गरिदिएका थिए । त्यस बेला गोरखा नेपालको पश्चिमी पहाडको एक शक्तिशाली राज्य थियो । यसरी पूर्वका शक्तिशाली राज्य मकवानपुरसंग वैवाहिक सम्बन्ध जोडी पृथ्वीनारायण शाहले आफ्नो शक्ति बढाउने विचार गरेका थिए । विवाह भए तापनि अठान दिग्बन्धन सेनसंगको झगडाले गर्दा सेन राजकुमारी मकवानपुरमै थिइन् । ससुरा हेमकर्ण सेनको मृत्युको तत्कालैपछि शक संवत् १६८४ मा पृथ्वीनारायण शाहले आफ्नो बेइज्जतीको बदला लिन दिग्बन्धन सेनमाथि हमला गरे । चौतरिया दलमर्दन शाह, काजी दलजीत् शाह, काजी शूरप्रताप शाह र काजी वंशराज पाण्डेको नेतृत्वमा एक बृहत् फौजलाई मकवानपुर हान्न पठाए । भाद्र ९ गतेका दिन (अगस्ट सन् १७६२ मा) गोरखालीहरूले मकवानपुर कब्जा गरे । दिग्बन्धन सेन आफ्ना सकल परिवारसहित हरिहरपुरगढीतर्फ भागे । हरिहरपुरमा पनि सेन राजा टिक्न सकेनन् र त्यहांबाट भारतभूमितर्फ लागे ।

जब पृथ्वीनारायण शाहले मकवानपुर कब्जा गरी काठमाडौं उपत्यका हान्ने तरखर गर्दै थिए त्यसै ताक मुर्शीदाबादका नवाब कसीम अली खां आफ्नो ठूलो सैन्यका साथ (करीब ३०,०००) बेतियामा आई बसेका थिए । इतिहास शिरोमणि श्री बाबुराम आचार्यको भनाइअनुसार दिग्बन्धन सेनले बेतियामा गई नवाबसंग मकवानपुरबाट गोरखालीहरूलाई हटाइदिनोस् भनी प्रार्थना गरेबापत नवाबले पनि आफ्ना एक बहादुर सेनापति गुर्गीन खांको मातहतमा एक ठूलो फौज पठाई सन् १७६३ मा मकवान-पुरमाथि हमला गरे । नवाबका सेनाले केही दिन मकवान-पुरमाथि कब्जा गरे, तर चाडैनै पृथ्वीनारायण शाहले काजी वंशराज पाण्डे, केहरसिंह बस्नेत, जीव शाह, हर्ष पन्त, नाहरसिंह बस्नेत, रामकृष्ण कुवर, दुर्लभ खत्री जस्ता वीर योद्धाहरूको मातहतमा ठूलो फौज पठाई नवाबका फौजलाई मकवानपुर छोड्न वाध्य गरे । यसरी विभिन्न दाउपेचहरू गरेर पनि आफ्नो राज्य फर्काउन नसक्दा दिग्बन्धन सेनले आखिरमा हार स्वीकार गर्नुपऱ्यो । सन् १७६३ को फरवरी महीनामा पृथ्वीनारायण शाहका समक्ष उनले आत्मसमर्पण गरे र उनीलाई जन्मभर गोरखामा नजरबन्द गरियो । (१६) यसरी करीब तीनसय वर्षसम्म (वि.सं. १५७५–१८१९ सम्म) नेपालको पश्चिमी पहाड पाल्पादेखि सिक्कि॰मको भूभागसम्म राज्य गरी बसेका सेनहरूलाई गोरखाली॰हरूले आफ्नो एकत्रित नेपालको सृजनात्मक अभियानको अगाडि घुंडा टेक्न वाध्य गरे ।(१७) पृथ्वीनारायण शाहले

मकवानपुरमाथि आफ्नो राज्य बढाउने दृष्टिकोणले मात्र हमला गरेका थिएनन् र वास्तवमा नेपालको भूभागभित्र यसको ठूलो भूमिका भएकोलेनै उनी आकर्षित भएका थिए। हुन पनि प्राचीन कालदेखिनै मकवानपुर भारतबाट नेपाल आउने जाने गर्ने एक मात्र प्रमुख बाटो थियो। (१८) यसरी दक्षिणमा मकवानपुर र उत्तरमा नुवाकोट जिती पृथ्वीनारायण शाहले काठमाडौंका मल्लराजाहरूमाथि आर्थिक नाकाबन्दी गरी उपत्यकामाथि विजय प्राप्त गर्न सफल भएका थिए। (१९)

मकवानपुरे सेन् राजाहरूको एक भग्न गढी (किल्ला) बाहेक हाल त्यहाँ अरू कुनै खास पुरातात्विक तथा ऐतिहासिक वस्तु भेट्टिएको छैन। करीब, करीब सय गजभन्दा केही लामो र पचास, साठ्ठी गजको चौडाइ भएको पत्थरै पत्थरले मजबूतसंग बनेको यो गढीको अविलम्ब जीर्णोद्धार हुनु आवश्यक छ। मूल गढीभन्दा अलि तलतिरको थुम्कोमा अर्को एउटा सानो गढी छ, त्यसलाई ढुंगे गढी भन्छन्। ढुंगे गढी प्रायः भग्न नै भैसकेको छ र यो मूल गढीभन्दा अलि पुरानो देखिन्छ। मूल गढीमा जडिएका पत्थरका चप्लेटाहरू करीब साढे एक फुट लामा र आधा फुट चौडाइका छन्। किल्लाभित्र पस्ने मुख्य प्रवेशद्वार एउटै छ र त्यो किल्लाको ठीक उत्तरमा पर्दछ (फलक १ख)। किल्लाको चारैतिर पानीको खाडल खनिएको छ जुन त्यस समयमा सुरक्षाको लागि अति आवश्यक संझिन्थ्यो। किल्लाभित्र भगवान् श्री वत्सगोपालको ढलौटे मूर्तिसहितको मन्दिर र दरवारका भग्न भागहरू छन्। किल्लाभित्र दरवारको पूर्व र पश्चिम दुवैतिर पोखरीहरू छन्। आपद्को वेलामा पिउने पानी जम्मा गर्न यो बनाइएको होला। किल्लाको वरपर चारैतिर करीब बीस बाईसवटा तोप अडाउने प्वालहरू छन्। किल्लाको खास गरी उत्तर र पश्चिमी भागहरू ध्वस्त भैसकेका छन्। किल्लाको मजबूत बनौट हेर्दा त्यस वेलाका सेनराजाहरू शक्तिशाली नै थिए भन्न बाध्य गर्छ। जनश्रुतिअनुसार ढुंगे गढी चाहि मुकुन्द सेनले बनाउन लगाएका थिए रे। मूल गढी नरवीर महत नामक एक वस्तुकलाविद्ले तयार पारेका हुन् भनी विश्वास गर्दछन्। भनिन्छ यो किल्ला निर्माण गरेबापत नरवीर महतका सन्तानलाई एकतीस बिघा बिर्ता बक्स दिइएको थियो जुन बिर्ता उनका संतानहरूले बिर्ता उन्मूलन नभएसम्म भोग गर्दै आएका थिए।

मकवानपुरको किल्लामा धेरै पल्ट युद्धहरू भए जसमध्ये पृथ्वीनारायण शाह र दिग्बन्धन सेनको बीच भएको युद्ध पृथ्वीनारायण शाह र नवाब कसीम अलि खांको बीच भएको युद्ध र सन् १८१४ मा भएको अंग्रेज–नेपाल युद्ध मुख्य थिए। भनिन्छ यस किल्लालाई शाहवंशका राजाहरूले पनि समय समयमा जीर्णोद्धार गरी बडो सुरक्षाका साथ राखेका थिए। वि.सं. १९७३ सालमा र १९९० को भूकम्पपछि पनि यसको जीर्णोद्धार भएको थियो। १९९० सालमा यसको जीर्णोद्धार गर्ने काम तत्कालीन प्राविधिज्ञ श्री नृपजंग राणाको मातहतमा भएको थियो। वि. सं. १९९६ सालमा गढीमा ठूलो आगलागी भयो जसमा एक सय एघारवटा घरहरू भस्म भए र धेरै धनमालको क्षति भयो। यसरी गढीको चारैतिर बसेको रहरलाग्दो बस्तीको नाश भयो र त्यस वेलादेखि गढीको पनि जीर्णोद्धार हुन सकेको छैन।

मूल गढी अग्लो डांडाको टाकुरामा बसेको छ। भनिन्छ चिसापानी गढी, हरिहरपुर गढी आदि गढीहरूको ठीक उचाइमा यो गढी बसेको छ। सफा घाम लागेको दिनमा मूल गढीबाट चिसापानी गढी र हरिहरपुर गढी देखिन्छन् रे। किल्लाको चारैतिरबाट मकवानपुरको सयकडौं बिघाको फांटैफांट देखिन्छ।

हाल गढीभित्र केही हतियारबन्द सिपाहीहरू पहरा गर्दछन्। गढीभित्र रहेको सबैभन्दा महत्वपूर्णको वस्तु ढलौटको भगवान् वत्सगोपालको मूर्ति नै हो। (फलक २क) करीब मानवाकारको ठण्डै ५ फुट अग्लो यो अतिसुन्दर छ। मूर्तिको टाउको बुद्धको छ। तैपनि स्थानीय जनताहरू मूर्ति गोपालकै हो भनी भन्दछन्। मूर्तिको शरीरभाग भने गोपालजीकै जस्तो देखिन्छ। मूर्तिको सम्पूर्ण भागमा सुनमोलम्बा गरेको छैन तापनि अनुहार, हात र खुट्टाहरूमा चाँहि सुनमोलंबा गरेको छ। दुवै हातले मुरली समाएको अतिमग्न मुद्रामा बायां खुट्टा दायां खुट्टामाथि पसारेको अवस्थामा छ। मूर्तिको पादपीठमा कमल छ। मूर्तिलाई एउटा बलियो फलामे सिक्रीले काठको खम्बामा अडाई बाँधिराखेको छ। शायद मूर्ति ढल्ला भनी यसरी बांधिराखेको

पनि हुन सक्दछ । तर जनश्रुतिअनुसार वत्सगोपाल तोरी पाक्ने समयमा फांटमा गई तोरीबारीमा खेल्न जाने गर्दथे र यसरी तोरीबारी नाश गर्ने हुनाले उनलाई बांधिराखेको हो भन्दछन् । मूर्तिको बनौट हेर्दा अठारौं शताब्दीभन्दा अघिको जस्तो देखिंदैन । मन्दिरभित्र रहेको एउटा घण्टामा वि. सं. १७८७ साल र 'मंत्री मानिक सेनस्य नाम्ना नाहर सिंहक" भनी कुंदिएको छ । जसअनुसार त्यस बखत मानिक सेन राजा र नाहरसिंह उनको मन्त्री थिए भन्ने प्रस्ट बुझिन्छ । सेनराजाहरूको मुख्य देवतास्वरूपनै भगवान् वत्स-गोपाल रहेका हुनाले कोही कोही इतिहासकारहरू सेनहरू-लाई वैश्य धर्मावलम्बी पनि भन्दछन् तापनि राजदेवी (भगवती) यिनीहरूको इष्टदेवी भएकी हुनाले यो कुरा सांचो हो भन्न सकिन्न । हुन सक्छ सेनराजाहरू मध्ये कोही कोही वैष्णवधर्मावलम्बीहरू पनि थिएहोलान् ।

मकवानपुरवरपर खास उल्लेखनीय मूर्तिहरू मध्ये हाल देखा परिरहेकोमा क्रीब एक फुट अग्लो आठ इन्च चौडाइ-को सिंहवाहिनी भगवतीको प्रस्तरको मूर्ति पनि हो । यो मूर्ति गुहाबारी नामक स्थानमा एउटा निजी मन्दिरभित्र छ । सिंहवाहिनी भगवतीलाई मकवानपुरका अर्जेलहरू आफ्ना इष्टदेवी मान्दछन् । करीब अठारौं शताब्दीको यो मूर्ति पनि अरू भगवतीका मूर्तिहरूसमान फुर्तिलो र आक-र्षक छ ।

शिलालेखहरूमा सबैभन्दा पुरानो चाहि वि.सं. १९४२ को देखियो । हुन सक्छ यसैभन्दा पनि पुराना अरू शिला-लेखहरू विस्मृतिको गर्भमा कतै लुकिरहेका होलान् । मकवानपुर गुरुखोला अबालडांडामा रहेको उक्त शिललेख श्री ५ पृथ्वी वीर विक्रम शाहदेवको पालिको हो । ऐति-हासिक कागजातहरू भने केही पनि भेट्टिएनन् । विश्वास गर्दछन् स्थानीय जनताहरूसंग र गढीमै भएका अरू काग-जातहरू पनि वि. सं. १९८८ र १९९६ सालहरूमा भएका भयंकर आगलागीहरूले गर्दा नासिए र केही सरकारी कागजातहरू चाहि मकवानपुर माल अड्डा (हाल हिटौंडामा) मा छन् ।

मकवानपुरे सेनराजाहरूको विस्तृत इतिहास हाम्रो सामुमा नभए तापनि श्री सेनराजाहरूको क्रमबद्ध वंशक्रम अथवा नामावलीसम्म हाम्रो अगाडि आइसकेको छ । प्राप्त सामग्रीहरूअनुसार मकवानपुरमा सेनराजाहरूको साँथसाथै बनिया छेत्री र अर्जेल यी दुवै सामन्तीहरूको पनि ठूलो भूमिका थियो । जब सेनहरू राजा थिए बनियाहरू मन्त्री र अर्जेलहरू तिनका पुरोहित थिए । जनश्रुतिअनुसार सेनराजाहरूलाई बनिया र अर्जेलहरू मिली धोका दिई राज्यच्युत गरेका थिए (तर यस कुराको ऐतिहासिक प्रमाण भने भेट्टिएको छैन) । त्यसैले सेनराजाहरूले अर्जेलहरू-लाई पुरोहित्याइं नफापोस्, बनियाका छोरीबेटीलाई पोइ नफापोस्, पातालको दाउराको खरानी नहोस् र रामविलास चामलको बासना नआओस् (मकवानपुर इलाकाभित्र) भनी श्राप दिएका थिए रे ।

भारतसंग सीमाना जोडिएको हुनाले पहिलेदेखिनै मकवानपुरे सेनराजाहरूको भारतका राजा, रजौटा तथा जमिन्दारहरूसंग घनिष्टता थियो । नेपालको भूभागमा सर्वप्रथम बन्दुक पत्थरकला (**Hitchlock & Match-locks**) भारतबाट पैठारी गर्ने यिनै सेनराजाहरू थिए । किरात प्रदेशमा अधिपत्य जमाउने पनि सर्वप्रथम यी मकवानी सेनहरू नै हुन् र इष्ट इण्डिया कम्पनीसित सर्व-प्रथम भएको नेपालको सन्धि मोरंगका राजा कर्ण सेनले नै गरेका थिए । (२०) आफ्ना जनताको मनोरञ्जन र सुख, सुविधाको लागि सेनराजाहरूले सालको एकपटक भारतबाट व्यापारी, नाटकी, चटकी आदिहरू बोलाई रामनवमी (चैत्र शुक्ल नवमी) का दिनदेखि दुई हप्ता र कहिलेकाहीं एक महिनासम्म पनि वृहत् रमाइलो मेला गर्दथे । त्यस बखत मकवानी जनताहरू साटासाट गरी भारतीय चीज-बीजहरू खरीद गर्दथे, किनभने मकवानीहरूमा मुद्राको प्रचलन धेरै थिएन ।

मकवानपुरका अरू धार्मिक स्थलहरू मध्ये मुख्य कमल देवी र राजदेवी स्थानहरूनै हुन् । यी देवस्थलहरूमा प्रतिमा पुजिदैनन्, खालि शिलाहरू पुजिन्छन् । देवलवरपर निकै मात्रामा घण्टा र त्रिशूलहरू चढाइएका छन् । मंसीरको महीनामा कमलदेवीको यात्रा हुन्छ र त्यस समयमा भोग, बलि आदि चढाइन्छ । राजदेवी सेनराजाहरूकी इष्टदेवी हुन् । यहाँ सालिन्दा सरकारी पूजाहरू हुने गर्दछन् र बडा दशैंमा ठूलो संख्यामा, भोग, बलि आदि चढाइन्छन् ।

## तिष्टुङ:-

मकवानपुर जिल्लाको अर्को एक प्राचीन स्थल तिस्टुङ हो। नेवारहरूको ठूलो बस्ती भएको तिस्टुङको प्राचीन नाउँ एकापुर थियो भनी स्वस्थानी महाव्रतकथामा लेखिएको छ। उत्तरमा कटुन्जे, दक्षिणमा फुर्के, पश्चिममा मंगलीचोक र पूर्व नौखन्डेखर्कका डांडाहरूको बीचमा बसेको यो एउटा सानु भए पनि रमाइलो उपत्यका हो। यस उपत्यकालाई पहिले सातसय तिस्टुङ पनि भनिन्थ्यो। किनभने त्यति वेला यहाँ सातसयवटा घरहरू मात्र थिए रे। तर प्राप्त शिलालेख अनुसार- अंशुवर्माको समयमै सो ठाउँलाई "तिस्टुङ" भनी उल्लेख गरिएकोले तिस्टुङको प्राचीनता र ठूलो ऐतिहासिक महत्व पनि छर्लङ्ग देखिन्छ (फलक २ख)

तिस्टुङ ग्रहचोक प्राथमिक पाठशालानिर रहेको अंशुवर्माकालीन शिलालेखमा लेखेको छ "... ... ... पश्चिम ढोकातिरको व्यवस्था विषयमा लागेका आयुक्तक, शौल्किक, गौल्मिक आदिहरूलाई कुशल सोधेर आज्ञा हुन्छ। जस्तै हामीले यी तिस्टुङ गाउँलेहरूका लागि लोहचवर, मृगरोम, कस्तूरीका खुद्रा तामाका भांडावर्तनहरू खांचा छन्। यस-कारण यसको अन्य द्रव्य लिई खरीद गर्नाका लागि यहांबाट निस्केका र खरीद गरी सामानसहित पसेकाहरूको जुन ताप-नादि शुल्क लाग्दथ्यो त्यो मुक्त भयो......"। (अनुसूची-१) यस शिलालेखले लिच्छवीहरूको अर्थव्यवस्था, प्रशासन र राज्यसिमाना तथा तत्कालीन सामन्तहरू जस्तै शौल्किक, गौल्मिकहरूबारे धेरै कुराहरू बोध गराएको छ। अंशुवर्मा-कालीन यो शिलालेखको साथसाथै उक्त स्थलमा ने. सं. ८५९ को विष्णु मल्लको शिलालेख पनि छ। तिस्टुङ तलेजु भगवतीस्थानस्थित यस शिलालेखमा- श्री श्री जय विष्णु मल्ल देव प्रभु ठाकुरको आज्ञाले तिस्टुङ किल्ला जीर्णोद्धार गरी तिस्टुङ इलाका गाउँका सबै प्रजाहरूमा पहिलेदेखि बसेका दहदारितअन्तर्गत दहदारितलाई बाहेक गरेकोमा श्री श्री जय विष्णु मल्ल देव प्रभु ठाकुरले दह-दारितलाई बाहेक नगर्ने निगाह भयो। जुरो, चौतरा-दथलाछेका याजुदेव भाजु, देशपरमान, तओलाछेका राजा रामसिं भा, दथलाछेका जयराम सिंह भा, देशका दुवार नन्दज्यू, धनरायज्यू, गुरु सिंहजू, अमरसिंहजू, स्तूपसिंहजू, रामचन्द्रजू, ज्ञानदेवजू। यी दहदारितलाई बाहेक गरी जसले बिगार्ला त्यसलाई मोहर टका ४००० दण्ड हुन्छ। यस देशका परमानहरूले प्रतिवर्ष यो किल्ला बिग्रे मा बनाउनुपर्छ। नबनाए पंचमहापाप लाग्ला"भनी लेखिएको छ। (अनुसूची-२) यस अनुसार दहदारित भन्ने कुनै खास मान, पदवी जस्तो देखिन्छ र यिनीहरूलाई बाहेक नगर्नू (सम्मान दिनू) भन्ने आदेश जारी गरेको छ। साथै तिस्टुङको किल्लाको पनि जीर्णोद्धार समय समयमा गर्न परमानहरूलाई आदेश जारी गरेको छ। यस शिलालेखले पनि मल्लकालीन नेपाल-को राज्यव्यवस्थासम्बन्धी ज्ञानहरूमा बढी प्रकाश पारेको छ।

विष्णु मल्ल पाटनका अन्तिम मल्ल राजाहरू मध्ये एक थिए। यिनी साह्रै धर्मात्मा थिए। यिनको शासन-कालमा तिस्टुङ पाटन राज्यको मातहत थियो भनी यस शिलालेखबाट स्पष्ट हुन आएको छ। तर तिस्टुङमा देखिएको प्राचीन किल्ला र राजप्रासादको भग्नावशेषले यो प्रमाणित गरिदिएको छ- मल्लराजाहरूको प्रतिनिधिस्वरूप कोही राजपरिवारको नातेदार अथवा स्थायी सामन्तहरू मध्ये एकले मल्लकालको अन्त्यसम्म त्यस इलाकाको शासन चलाएको थियो।

राजा विष्णु मल्लले जीर्णोद्धार गरेको किल्ला हाल प्राय: भग्न भैसकेको छ, मल्लकालीन प्राचीन दरवार पनि देखिंदैन, तर दरवारको भग्नावशेष भने किल्लाको भग्ना-वशेषभित्रै छ। तर तलेजु भवानीको मन्दिर भने अझै विद्यमान छ। वस्तुकलाको दृष्टिकोणबाट यस मन्दिरको कुनै महत्व छैन। साधारण छाप्रो जस्तो घरमा भवानी बसेकी छन्। किल्ला, दरवार र तलेजुको मन्दिर तिस्टुङको मध्यभागमा एउटा सानो थुम्कोमाथि बसेको छ। स्थानीय आचार्यहरूलाई बाहेक अरू जनतालाई तलेजुभित्र जानसमेत मनाही छ। तर बडादशैंको वेलामा भने त्यहाँ भित्र रहेका पुराना हातहतियार आदि बाहिर आंगनमा प्रदर्शित गरिन्छ र जनताहरूले सो हेर्ने मौका पाउँदछन्। तलेजु भवानीबारे कुनै पनि प्रश्नको जवाफ दिन स्थानीय आचार्यहरू हिच-किचाउँदछन्, किनभने कुरा खोल्यो भने देवीको श्राप लाग्छ भनी तिनीहरू विश्वास गर्दछन्।

तलेजु भवानीको परम्परा नेपालमा कसरी र कहाँबाट आयो भन्न गाह्रो पर्दछ। धेरैजसो इतिहासकारहरू यस

परम्परालाई सीमरौनगढका कर्नाटक वंशका राजाहरूसंग सम्बन्धित देखाउँदछन्। हुन सक्छ कर्नाटक वंशका राजाहरूसंगसंगै तुलजा देवी पनि नेपाल आएकी थिइन्। तर तुलजा देवी मल्लराजाहरूका इष्टदेवी थिइन् र जुनसुकै मल्लराजाहरूको दरवारमा पनि यिनी विद्यमान हुन्थिन्। यसरीनै मल्लराजाहरूको एक मुख्य प्रान्तस्वरूप रहेको तिस्टुङमा पनि देवी तुलजाको परम्परा बस्न गएको हो। जनश्रुतिअनुसार सीमरौनगढ, तिरहुतबाट भक्तपुरमा तलेजु भवानी लैजांदा तिस्टुङकै बाटोबाट गएको र एक रात यहींनै भवानीलाई वास बसाइएकोले यहाँ पनि देवीको प्रभाव रहन गएको हो।

किल्ला र दरवारको भग्नावशेषमा मल्लकालीन र लिच्छवीकालीन इंट पत्थरका टुक्राटुक्री देखिन्छन्। उक्त स्थलमा राम्ररी उत्खनन गरेर हेरेको खण्डमा निकैनै मल्ल तथा लिच्छवीकालीन नेपालका कलाकृतिहरू र ऐतिहासिक सामग्रीहरू फेला पार्न सकिन्छ। भग्नावशेषको क्षेत्रभित्र ने. सं. ८५९ को पाटनका राजा विष्णु मल्लको शिलालेख र एक प्राचीन ढुंगेधारा आदिले त्यस स्थलको प्राचीनता प्रमाणित गर्दछ। (फलक ३क)

लिच्छवीकालदेखिनै तिस्टुङमा राजप्रतिनिधिहरू रहन्थे होला र यिनै राजप्रतिनिधिहरूनै त्यहाँका शासक थिए होलान्। तर जनश्रुतिअनुसार त्यहाँ अमला–कमला नाम गरेका राजा थिए रे। उनकी रानी मृणावती ज्यादै राम्री र चलाक थिइन्। राजा आफ्नी अतिसुन्दरी रानीसहित चारैतिर पोखरी भएको एक कलापूर्ण दरवारमा बसी राज्य गर्दथे। (हाल देखा परिरहेको भग्नावशेषमा पनि चारैतिरको खाडल राम्ररी देखिन्छ) । राजा अमला–कमलाको सुख र वैभवदेखि छिमेकी सामन्त तथा राजाहरू साह्रै चिढिएका थिए। उनीहरू जसरी भए पनि राजा अमला–कमलाको नाश गर्न चाहन्थे। एक दिन राजाबाहेक राजपरिवारका सबै सदस्यहरू नजीकैको कुनै गाउँमा जात्रा हेर्न गएका थिए, त्यसै मौका पारी शत्रुहरूले हमला गरे र राजाको हत्या गरी धन, माल लुटपाट गरी भागे। रानी जात्रा हेरी फर्कदा राजाको यो दुःखद मृत्यु देखी साह्रै विह्वल भइन्। राजालाई यस्तो आपद् आइपर्दा पनि गाउँलेहरूले राजाको कुनै मद्दत नगरेको देखी रानी रिसाएर गाउँलेहरूलाई यी गाउँलेहरूले बाह्रै महीन मेहनत गरे तापनि छ महीनाभन्दा बढी समयसम्म खान नपुगोस् भनी सरापिन्। भनिन्छ त्यस वेलादेखि रानीको सरापले गर्दा गाउँलेहरूले वडो दुःखको जीवन भोग्नुपर्‍यो। यसरी राजाको दुःखद मृत्युपछि पनि रानी मृणावतीले अतिचलाकीसंग मृत्युको खबर गोप्य राखी आफै मर्दाना भेषमा रही राजकाज गर्न थालिन्। तर रानीको यो चलाकी धेरै वर्ष टिक्न सकेन र एक दिन भेद खुलिहाल्यो र यसै मौकामा रानीको कमजोरीबाट फाइदा उठाई फेरि शत्रुहरूले हमला गरे। रानीले वडो बहादुरीका साथ शत्रुहरूको मुकाबिला गरिन्, तर आखिरमा उनले वीरगति प्राप्त गरिन् र राज्य शत्रुहरूको हातमा पर्‍यो।

तिस्टुङका महत्वपूर्ण धार्मिक स्थलहरू मध्ये बज्रवाराहीस्थान र उन्मत्तेश्वर महादेवस्थान प्रसिद्ध छन्। बज्रवाराहीस्थान स्थानीय जनताहरूको सबैभन्दा मुख्य देवस्थान हो। यहाँ कुनै मन्दिर तथा मूर्तिहरू छैनन्। शिला पत्थरलाईनै देवी मानी पुजिएका छन्। तर यात्रा आदि चलाउन भनी वाराही, अष्टमातृका सबै देवदेवीहरूका पित्तलमा सुनमोलम्बा गरेका ख्यापाहरू राखेका छन्। जात्राको समयमा बाहेक अरू वेला ती ख्यापाहरू पोडेटोलस्थित देवताको आगमघरमा राखिन्छन्। ती ख्यापाहरू सबै नयाँनै छन्। हरेक तीन तीन वर्षमा वैशाखको महीनामा वाराहीको यात्रा हुन्छ। यो यात्रा लगातार तीन दिनसम्म चल्दछ। यात्राको दोस्रो दिन वडो धूमधामका साथ पूजाआजा, बलि आदि हुन्छन्। त्यस वेला श्री ५ को सरकारको तर्फबाट पनि दुईवटा रांगो बलि दिइन्छ। यसरी नै अरू पर्व पर्वको दिनमा पनि सरकारी पूजाहरू हुने गर्दछन्। उक्त यात्रामा वाराहीसहित तेह्रवटा देवदेवीहरूलाई (ख्यापा) खटमा राखी शहर घुमाइन्छ। देवदेवीहरूसंगै उक्त खटमा दुई जवान पोडे र एक जवान धामी पनि बसेका हुन्छन्। धामीले देवदेवीहरूलाई चढाएको बलिको रगत पिउने गर्दछ र पोडेहरूले देवदेवीको सह्यार संभार गर्दछन्। यात्रा चलाउन राजाको प्रतीकस्वरूप रहेको खड्ग नलगी हुँदैन। उक्त खड्ग तलेजुको आगमघरमा राखिएको छ।

बज्रवाराहीस्थान तिस्टुङ खोलाको किनारमा पर्दछ।

देवस्थलवरपर मसानघाटहरू छन् । यहाँ मंगलबार र शनिवार विशेष भीड हुने गर्दछ । देवस्थलवरपर रहेका सबैजसो पाटीपौवाहरू प्रायः भग्न भैसकेका छन् ।

उन्मत्तेश्वर महादेवको उल्लेख स्वस्थानीव्रतकथामा गरिएको छ । स्वस्थानीव्रतकथाअनुसार उक्त पुण्यभूमिमा देवी सतीदेवीको दाहिने घुंडा पतन भएको थियो । त्यहाँ खास कुनै मन्दिर मूर्ति छैन । तर त्यहाँ रहेको एउटा सानु पोखरी (कुवा) भित्र भने शिलारूपी महादेव विद्यमान छन् । विष, भाङ्ग, धतूरो खाई उन्मन्त भई महादेव सो ठाउँमा बिराजेको हुनाले उक्त महादेवको नाम उन्मत्तेश्वर महादेव रहन गएको हो । यहाँ नित्यपूजा चल्दछ र शिवरात्रीको दिन ठूलो मेला लाग्दछ । स्वस्थानीव्रतकथामा भनिएको छ– एकापुरमा पुग्दा सतीदेवीको दाहिने घुंडा पतन भयो । त्यहाँ एकापुर पीठ, साधुक्षी देवी संकुणा योगिनी, उन्मत्तेश्वर महादेव उत्पन्न भए । त्यस पुण्यभूमिमा शिलाहरूले आई तपस्या गरे, इश्वरी प्रसन्न भई वरदान लेओ भनिन् शिलाहरूले हामी सधैं देवताको रूपमा पुजियौं भनी भागे, भगवान्ले पनि तथास्तु भनी वरदान दिए आदि (२१) ।

तिस्टुङ एक प्राचीन ऐतिहासिक तथा धार्मिक स्थल मात्र हैन एक कलापूर्ण शहर पनि थियो । हाल यहाँ देखा परिरहेका केही उल्लेखनीय प्रस्तरका मूर्तिहरूमा जरलिनको कुण्डको भित्तामा राखिएको उमामहेश्वरको मूर्ति इकुटोलको पाटीको भित्तामा राखिएको लक्ष्मीनारायणको मूर्ति जसको पादपीठमा अभिलेखसमेत अंकित छ र पाल्चोकको लक्ष्मी र गरुडसहितको विष्णुका मूर्तिहरू हुन् ।

जरलिनको एउटा कूवाको खुला भित्तामा उमामहेश्वरको प्रस्तरको करीब साढे एक फीट लम्बाइ दुई फीट चौडाइको मूर्ति राखिएको हुनाले मूर्तिको शिरभाग प्रायः नष्टनै भैसकेको छ । उमा र महेश्वर दुवैको अनुहार पनि नासिइसकेको छ । तैपनि मूर्तिको बनौट र कला भने अझै ज्वलन्त देखा परिरहेको छ । धेरैजसो काठमाडौं उपत्यकामा देखा परेका उमामहेश्वरका मूर्तिहरूसंग यो मेल खांदैन र यसको आफ्नै विशेषताहरू छन् । (फलक ३ख)

यस मूर्तिको खास विशेषता पार्वतीको ठीक पछाडि उभिइरहेका सेविकाहरू हुन् । यसमा एउटीले देवीको दाहिने खुट्टानिर बसी पाइला समाएकी छन् र अरू तीन चाहि क्रमशः छाता, लड्डु जस्तो खाद्य पदार्थ र चवर तथा कमण्डलु लिई उभिएकी छन् । धेरै काई परेकोले मूर्तिको बायांपट्टिको भाग भने राम्ररी छुट्याउन सकिएन । देवी पार्वती बडो आरामका साथ भगवान् महादेवको बांया पाखुरामा कम्मर अडाई बसेकी छन् । शिवजीको माथिल्लो दाहिने हातमा त्रिशूल र बांया हातमा रुद्राक्षको माला छ । शिव र पार्वती दुवै एउटा आसनमाथि बाघको छाला ओछ्याई बसेका छन् । मूर्तिको अर्को भागमा शिवका विभिन्न गणहरूसहित श्री गणेशजी बसेका छन् । शिवका ती गणहरू मस्तसंगै नाच्दैछन् पनि । यस मूर्तिको परम्परा र बनौट हेर्दा यो नवौं वा दशौं शताब्दीतिरको हुनु धेरै संभव छ । (२२) साथै काठमाडौं उपत्यकामा देखापरिरहेका कैयन् उमामहेश्वरका मूर्तिहरूभन्दा यो आकर्षक, राम्रो र कलापूर्ण छ ।

उमामहेश्वरको परम्पराबारे सबैभन्दा पहिले "विष्णु धर्मोत्तर पुराण"मा उल्लेख गरिएको पाइन्छ । त्यसपछि "मत्स्य पुराण"मा पनि उमामहेश्वरबारे विस्तृत बयान गरेको पाइन्छ । डा० प्रताप आदित्यपालको भनाइअनुसार नेपालमा पाइएका उमामहेश्वरका मूर्तिहरू–"मत्स्य पुराण" मा बयान गरिएको उमामहेश्वरसंग धेरै मिल्दछन् । (२३)

उमामहेश्वरका मूर्तिहरू धेरैजसो ढुंगेधारा तथा कूवा आदिको भित्तामा राखिएका हुन्छन् । महाकवि कालिदासले पनि आफ्नो प्रसिद्ध नाटक "कुमार संभव"मा उमामहेश्वरको वर्णन गरेको छ । नेपालमा पाइएका धेरैजसो उमामहेश्वरका मूर्तिहरू ऐलोराका मूर्तिहरूसंग मिल्दाजुल्दा छन् । जसअनुसार मूर्तिलाई दुई खण्डमा विभाजित गर्न सकिन्छ । शिव, उमा र अरू देवदेवीहरू माथिल्लो तहमा र गणेश सहित शिवगणहरू तल्लो तहमा देखा परेका हुन्छन् । वास्तवमा नेपाली कलाकारहरू ऐलोराका कलाकृतिहरूबाट साह्रै प्रभावित देखिन्छन्, तर नेपाली कलाकारहरूले सफलताका साथ आफ्ना मौलिक गुणहरूले आफ्ना कलाकृतिहरूलाइ सिंगारिदिएका छन् । (२४)

उमामहेश्वरका मूर्तिहरूले नेपाली मूर्तिकलाको इतिहासमा महत्वपूर्ण स्थान ओगटेको छ। लिच्छवीकालको शुरुदेखि लिएर अन्तिम मल्लकालसम्म पनि काठमाडौं उपत्यकामा उमामहेश्वरका मूर्तिहरु बनिँदै थिए। (२५)

इकुटोलको लक्ष्मीनारायणको करीब १ फुट लामो ६ इन्च चौडाइको मूर्ति मकवानपुर जिल्लाभरमा एउटै मात्र अभिलेख अंकित मूर्ति हो। ने.स. ८०९ भनी अंकित गरेको हुनाले यो अठारौं शताब्दीको मूर्ति भन्न सजिलैसंग सकिन्छ। मूर्ति कलात्मक छ। कमलासनमा भगवान् विष्णु (नारायण) छन् र कछुवामाथि देवी लक्ष्मी उभिएकी छन्। नारायणको बायांतर्फ गरुड बसेका छन्। नारायणको चार हातहरूमा शंख, चक्र, गदा र पद्म छन्। मूर्तिको पादपीठमा यी वाक्यांशहरू अंकित छन्– "नेपाली संवत् ८०९ (वि. सं. १७४६) भाद्र महीना शुक्ल पक्ष अष्टमी तिथि विशाखा नक्षत्र ऐन्द्र योग सोम वार यस दिन लक्ष्मीनारायण राखियो। हरिरामको तजवीजले बनाएको। वासुदेवले राखेको। शुभम्"। उक्त अभिलेख नेवारी भाषामा लेखिएको छ (फलक ४ क) (अनुसूची–३)।

तिस्टुङको अर्को महत्वपूर्ण मूर्ति हो पाल्चोकको विष्णु। प्रस्तरको यो साढे दुई फीट अग्लो साढे एक फीट चौडाइको विष्णुको विशाल तथा कलापूर्ण मूर्ति एउटा भग्नमन्दिरभित्र छ। उक्त मन्दिर सम्पूर्णतया भग्न भैसकेको छ, खालि मूर्ति मात्र सुरक्षित रहेको छ। मन्दिरको पुनर्निर्माण हुनु अत्यावश्यक भैसकेको छ। शंख, चक्र, गदा, पद्म हातमा लिएको भगवान् विष्णुको दांयातर्फ देवी लक्ष्मी र बांयातर्फ गरुड छन्। गरुडको शरीरका केही भागहरु बिग्रिसकेका छन्। यस्तै धेरै मूर्तिहरू काठमाडौं उपत्यकाभित्र पनि छन्। स्टीला काभरीस र चांगुनारायणको यस्तै परम्पराको विष्णुको मूर्तिलाई नवौं शताब्दीको भनेको छ। चांगुनारायणको विष्णुमूर्तिमा र यसमा धेरै फरक पाइंदैन। बनावट मात्र हेर्दा यो चांगुनारायणको जस्तै सुन्दर देखिन्छ। तर चांगुको मूर्तिको विष्णुको पादपीठमा पूर्णकलश छ र तिस्टुङकोमा फूल र बुट्टाहरू मात्र छन्। (२६) विष्णुको यो सुन्दर तथा आकर्षक मूर्ति ईशाको दशौं शताब्दीतिरको हुनुमा कुनै आश्चर्य छैन। (फलक ४ ख)

तिस्टुङमा प्राप्त शिलालेखहरूबारे माथिनै भनिसकेको छ। ऐतिहासिक कागजात तथा हस्तलिखित ग्रन्थहरुमा भने खास उपलब्धि हुन सकेन। प्राप्त भएको मध्ये सबैभन्दा पुरानो कागजात वि. सं. १९४४ सालको आगमगूठीको लगत, बज्रवाराहीगूठीको लगत, तलेजुगूठीको लगतपत्रनै हुन्। साथै केही हस्तलिखित ग्रन्थहरुको पनि फोटो उत्तार गर्ने कार्य गरियो।

## पालुङः–

पालुङ पनि एउटा सानु उपत्यका जस्तै छ। यो शहर काठमाडौंबाट करीब ४२ माइल दक्षिणपश्चिममा पर्दछ। यहाँ कोटछेंटोलमा एउटा लामो ढुंगा छ। नेवारी भाषामा "पा" माने ठूलो र "लों" माने ढुंगा हो, यसैबाट उक्त ठाउँको नाउँ पालुङ हुन गएको हो भनी धेरै मानिसहरू विश्वास गर्दछन्। (२७)

प्राप्त प्रस्तरमूर्तिहरूको आधारमा पालुङलाई पनि लिच्छवीकालीन शहर भन्न सकिन्छ। जनश्रुतिअनुसार त्यहाँ प्राचीनकालमा नेवार राजाहरु राज्य गर्दथे। तिनीहरूमध्ये धर्मध्वज र वीरध्वज निकै प्रख्यात थिए। बाह्र वर्षमा एक पल्ट हुने नाचमा यी राजाहरूका सम्पूर्ण गाथानै गीतिनाट्यको रूपमा अझै प्रस्तुत गरिंदैछ र अब यो मेला २०२८ साल चैत्रमा हुनेछ। यो मेलाको शुरुआत वि.सं. १९४८ साल चैत्रमा भएको थियो। किनभने त्यस साल पालुङ शहरमा ठूलो अनिकाल, रोग, व्याधि फैलियो। ज्योतिषीहरुसंग सल्लाह गर्दा अनिकाल र महामारीबाट बच्न एउटा नांच सिकाउनुपर्छ भन्ने भयो। त्यसैअनुसार दक्षिणकाली काठमाडौंबाट नांच सिकाउनेहरु निम्त्याई सोही वेलादेखि यो परम्परा चल्न गएको छ।

धर्मध्वज, वीरध्वज, मकरध्वज राजाहरुको दन्त्यकथाहरुको आधारमा यो भन्न सकिन्छ तिनीहरू काठमाडौंका मल्ल राजाहरूका प्रतिनिधिहरू थिए। किनभने हाल देखापरिरहेको तजुलेको भग्नावशेष र सो भग्नावशेषमा प्राप्त सामग्रीहरूबाट यो सिद्ध हुन सक्दछ त्यो भग्नावशेष मल्लकालीन दरवारको भग्नावशेष थियो। पालुङ शहरका मुख्य बासिन्दा नेवाहरूनै हुन्। यिनीहरू आफू मल्लराजा-

हरूको पालामा पाटनबाट आएका हौं भनी गर्व गर्दछन् । हुन सक्छ यो प्रान्त केही कालसम्म पाटनका राजाहरूको अधीन थियोहोला । तिस्टुङ पाटनका राजाहरूको अधीनमा थियो भन्ने कुरा माथिनै लेखिइसकेको छ । यसरी तिस्टुङ, पालुङ दुवै पाटनको अधीनमा रहेको हुनुपर्दछ । (२८)

पालुङमा भेटिएका शिलालेखहरूमा सबैभन्दा प्राचीन मण्डलपाटीमा रहेको ने. सं. ९१० (वि. सं. १८४७)को शिलालेख नै हो । यो शिलालेख नेवारी भाषामा छ । जसअनुसार– "ने. सं. ९१० (वि. सं. १८४७) वैशाख... को दिन पालुङ दवुलि देशका भाजु धनजुमान भारो, निजका पिता श्री धनचा भारो, माता द्रौपदी लक्ष्मी, स्त्री वाग्मती लक्ष्मी, नाति मोहन सिंह, यी सबैको धर्मचित्त भै सबै मिलेर यो मण्डलपाटी बनाई प्रतिष्ठा गरियो शुभम्...।"

ऐतिहासिक कागजातहरूमा वि. सं. १८९६ सालको जग्गाविषयको लालमोहर हो (फलक ५ क) । यसको साथसाथै बाह्रवर्षे गीतिनाट्यको गीतहरूको एक प्रति पनि स्थानीय जनताको सहयोगबाट प्राप्त हुन आएको छ । भनिन्छ वि. सं. १९७८ सालमा त्यहाँ ठूलो आगलागी भएको थियो र सोही आगलागीमा एघार घरहरू ध्वस्त हुंदा सबैजसो महत्वपूर्ण कागजातहरू तथा हस्तलिखित ग्रन्थहरूको नाश भयो । साथै ने. सं. ८४८ को मागी सी भारोका नाउँको भूमिसंबन्धी ताडपत्रको तमसूक र सम्वत् नचिनिएको धनदेव भाका नाउँको भूमिसंबन्धी ताडपत्रको तमसूक पनि चाखलाग्दा छन् ।

पालुङका मुख्य, मुख्य ऐतिहासिक तथा धार्मिक स्थलहरू यिनै हुन्–तलेजुको भग्नावशेष(दरवारको भग्नावशेष), ऋषेश्वर महादेव, इन्द्रायणी र पाण्डुकेशर स्थान । तलेजुको भग्नावशेष हाल पंचायतभवन बनेको स्थानवरपरनै छ । पंचायतभवन पनि भग्नावशेषमाथिनै बनाइएको छ । पालुङ शहरको मध्य भागमा स्थित यो भग्नावशेष मल्लकालीन राजप्रासादको भग्नावशेष हुनु धेरै संभव छ । केही वर्षअघि कांजीहाउस बनाउने विचारले जग खन्दा जमीनमनिबाट निकै प्राचीन वस्तुहरू फेला परेछन् जसमध्ये एउटा सानु प्रस्तरको भगवतीको मूर्ति पनि छ । प्राप्त भएका सामग्रीहरू हाल पंचायतको जिम्मामा छन् । (२९)

महिषमर्दिनी भगवतीको त्यो सानु कलात्मक मूर्तिको बनौट हेर्दा उक्त मूर्ति अन्तिम मल्लकालीन मूर्ति हुनुमा कुनै शंकै उठ्दैन । सोह्रहाते भगवती जस्तै अरू धेरै भगवतीका यस्तै विभिन्न प्रकारका मूर्तिहरू मल्लकालीन नेपालमा प्रशस्तै बने । मल्लराजाहरू देवीका उपासक थिए र उनीहरू भगवती, दुर्गा अथवा तुलजा देवीलाई आफ्ना इष्टदेवी मान्दथे । तसर्थ जहाँ जहाँ मल्लराजाहरूले आआफ्ना दरवारहरू बनाए त्यहाँ त्यहाँ तिनीहरूले आफ्ना इष्टदेवी पनि स्थापना गरे । तसर्थ मल्लराजाहरूको एक प्रान्तस्वरूप रहेको पालुङमा पनि सोही बखत यस मूर्तिको स्थापना भएको हुन सक्दछ ।

भगवतीको दायां हातको त्रिशूल महिषासुरको छातीमा रोपिएको छ । महिषासुर र एउटा गण दायांतर्फ बसेको छ तथा बायाँतर्फ सिंह र अर्को गण बसेको छ । मूर्ति सानु भए तापनि निकै राम्रो छ । भगवतीका अगाडिका दुइ मुख्य हातहरू र सिंहको टाउको भने नासिइसकेका छन् ।

पालुङ शहरबाट ऋषेश्वर पुग्न करीब तीन घण्टा लाग्दछ । यस पुण्यस्थलमा प्राचीन पुरातात्विक एवं सम्बन्धित कलात्मक वस्तुहरू कुनै छैनन् । तान्त्रिक परम्परासंग सम्बन्धित चौरासी सिद्धहरू मध्ये एक सिद्धको नयाँ प्रस्तरको मूर्ति छ । यो मूर्ति करीव साढे एक फुट अग्लो र आठ इन्च चौडाइको छ। जनश्रुतिअनुसार भगवान् शिव तीर्थ गर्न आउँदा जांदा यहाँ बास बस्ने गर्दथे । त्यसैले यो स्थल एक महान् तीर्थस्थल हुन गएको हो । यहाँ एउटा सानु चैत्य पनि छ । शैव र बौद्ध दुवै धर्मबाट प्रभावित स्थल भएको हुनाले यो स्थल यी दुवै धर्मावलम्बीहरूको लागि अति पुण्य छ । यहाँ एउटा सानु गुम्बा छ र एउटा लामापरिवार पनि बसेको छ । गुम्बाभित्र निकै राम्रा राम्रा ढलौटका मूर्तिहरू र हस्तलिखित ग्रन्थहरू छन् । हस्तलिखित ग्रन्थहरू सबैजसो तिब्बती भाषामा लेखिएका छन् ।

इन्द्रायणीलाई पालुङकी मुख्य देवी मानिन्छ । तीन वर्षमा एक चोटि मंसीरको पूर्णिमाको दिनदेखि तीन दिनसम्म

यहाँ ठूलो मेला लाग्दछ । उक्त मेलामा खास गरी इन्द्रायणी देवी, भैरव, गणेश, वाराही, कुमारी आदि देवदेवीहरूको खटयात्रा र धूमधामसंग पूजाआजा, बलि, भोग आदि गरिन्छ । यो मेला चलाउन श्री ५ को सरकारबाट गूठीको बन्दोबस्त गरिदिएको छ । यो मेला इन्द्रायणी देवस्थल अगाडिको ठूलो चउरमा लाग्दछ । मेलामा चाहिने जोरजाम गर्न पाटनबाट एक आचार्य पनि सधैं आउने गर्दछन् । यस तथ्यले पनि पालुङका निवासीहरूको पाटनसंगनै घनिष्ठ सम्बन्ध थियो भन्ने बुझाउँछ । सायद तिस्टुङ छैं पालुङ पनि पाटनका मल्लराजाहरूको अधीनमै थियो भन्ने पनि बुझाउँछ । यो मेला अरू बेलामा भन्दा बालीनाली बिग्रेको, अनिकाल लागेको, रोगव्याध फैलिएको समयमा धेरै श्रद्धा र भक्तिका साथ मनाइन्छ । हुन सक्छ यस यात्राको परम्परा पनि यस्तै कुनै दुःख र आपद् परेको बेलादेखिनै चल्न गएको थियो । (३०)

पालुङ अंगारेमा पालुङका सबैभन्दा ख्यातिप्राप्त तथा मकवानपुर जिल्लाभित्रका सबैभन्दा विशाल छानेशैलीको भगवान् पाण्डुकेशरको मन्दिर छ । काठमाडौंको अङ्कोनारायणको मन्दिरको जोडा गरी यो मन्दिर बनाएको थियो रे । तर हाल देखापरिरहेको मन्दिरको छानेशैलीबाहेक अरू कुनै पनि कलाकृति र बनौटसंग यो मन्दिर अङ्कोनारायणको मन्दिरसंग मिल्दैन । वास्तवमा अङ्कोनारायणको मन्दिर यस मन्दिरभन्दा धेरै कलात्मक छ । भनिन्छ वि. सं. १९७२ सालमा आएको ठूलो बाढीले गर्दा मन्दिर बिग्रन गएको थियो । उक्त जीर्ण मन्दिरलाई २००६ सालमा जीर्णोद्धार गरियो र फेरि २०११ सालको बाढीले गर्दा उक्त मन्दिर बिग्रन गयो । हाल पुनः जीर्णोद्धार गरेको मन्दिरको रूप यस्तो छ ।(फलक ५ ख)

पाण्डुकेशर स्थानवरपर निकै मूर्तिहरू छन् । ती मध्ये धेरैजसो भग्न अवस्थामा छन् । मन्दिरभित्र खास देवताको रूपमा भगवान् शंकर विद्यमान छन् । लिङ्गको रूपमा विद्यमान शंकरका वरपर नारायण, गणेश, भैरव आदिका मूर्तिहरू पनि छन् । मूर्तिहरू प्रायः नयाँनै छन् । यहाँ काठमाडौं पशुपतिनाथमा जस्तै नित्यपूजा हुने गर्दछ । भनिन्छ काठमाडौं पशुपतिस्थानमाजति मेला,यात्रा लाग्दछन् यहाँ पनि उत्तिकै मेला, यात्राहरू मनाउने गर्दछन् । पूजाआजा चलाउन श्री ५ को सरकारबाट गूठीको बन्दोबस्त पनि गरिदिएको छ ।

प्राचीन कलात्मक मूर्तिहरूले पालुङ शहरलाई पनि लिच्छवीकालीन शहर भनी प्रमाणित गर्न सामर्थ्य भएको छ । पालुङका प्राचीन तथा कलात्मक मूर्तिहरू यिनै हुन्– शंखमूलको स्त्रीमूर्ति, पालुङ शहरको नारायणको मूर्ति, पाण्डुकेशरस्थानका स्त्रीमूर्तिहरू र सोल्टु पाथिभराको गरुडासन नारायणको मूर्ति आदि ।

पालुङ शंखमूलको स्त्रीमूर्ति त्यस क्षेत्रको सबैभन्दा कलापूर्ण र प्राचीन मूर्ति हो । स्थानीय जनता यस भग्नमूर्तिलाई सरस्वती भन्दछन् । प्रस्तरको यस मूर्तिको शिर, दुवै हात र खुट्टाको घुडाभन्दा तल्लो भाग छैन । करीब साढे दुई फीट अग्लो र आठ इन्च मोटाइको यो मूर्ति शंखमूलको चउरमा एउटा सानो खोपा जस्तो ठाउँमा राखिएको छ, जसको भविष्य अति खतरनाक छ र सुरक्षा हुनु अति आवश्यक छ । पुस्ट, पुस्ट गोलाकार वक्षस्थल, शरीरलाई सुहाउने गरी बनेको कम्मर र सुडौल पाखुराहरू, घाँटीमा मोतिको माला भएकी स्त्रीमूर्तिको शिर, हात र खुट्टाहरू नभएता पनि अति आकर्षक र कलापूर्ण देखिन्छ । मूर्तिको बनौट गुणहरू र परम्पराको अध्ययनबाट यो सिद्ध हुन सक्छ यो मूर्ति लिच्छवीकालीन नेपालमा बनेको हो र खास गरी सातौंदेखि दशौं शताब्दीसम्म नेपाल उपत्यकाभित्र र लिच्छवीहरूको प्रभावक्षेत्रहरू उपत्यकाबाहिर पनि यस किसिमका मूर्तिहरू बनेका थिए । त्यस समयमा बनेका अरू स्त्रीमूर्तिहरूसंग यो धेरै मिल्दोजुल्दो छ । जस्तै श्री ५ महाराजाधिराज सरकारबाट सुश्री स्टीला क्रामारिशलाई प्रदान गरेको सातौं शताब्दीको देवीको मूर्तिसंग पनि यस मूर्तिको बनौट र परम्पराको मेल खान्छ । (३०) (फलक ६ क)

पालुङ पाण्डुकेशरस्थानमा पनि अरू दुई स्त्रीमूर्तिहरू छन् । स्थानीय जनताहरू ती मूर्तिहरूलाई पनि सरस्वतीका मूर्ति भन्दछन् । ती मध्ये एउटा २ फीट अग्लो र ८ इन्च मोटाइको छ, जसको दुवै हात र पाउहरू टुटिइसकेका छन् । यस मूर्तिको बनौट हेर्दा यो लिच्छवीहरूको पतन र मल्लहरूको शुरुशुरुमा बनेको हुनु धेरै संभव छ । लिच्छवीकालीन नेपालको कला पारखता यस मूर्तिमा देखा पर्दैन त

पन्ध्रौं शताब्दीदेखि सत्रौं शताब्दीसम्म परिमार्जित भएको मल्लकालीन नेपाली कलाको प्रभावले यसमा देखा परेको छ । तसर्थ यो लिच्छवीहरूको पतन र मल्लहरूको शुरु शुरुतिर वा मल्लहरू नआउँदै बनेको हुनुपर्दछ ।

यस मूर्तिको वक्षस्थल पनि सानो छ । पाखुराहरू पनि सुडौल र आकर्षक देखिंदैनन्, कानको बाला र मोतीको माला पनि राम्ररी कुंदिएका छैनन् र अनुहार पनि तेजिलो र हंसिलो देखिंदैन । तेह्रौं चौधौं शताब्दीतिर ह्रास भएको नेपाली कलाको यो पनि एउटा अपूर्व नमूना हो भन्न सकिन्छ । यो मूर्ति शंखमूलको स्त्रीमूर्तिभन्दा पछि बनेको हुनाले सोही परम्पराको मूर्ति जस्तो लाग्दछ । शायद शंखमूलस्थित मूर्ति बिग्रिसकेपछि यो बनेको हुनुपर्दछ ।

यसै परम्परा र बनौटसंग मिल्ने अर्को एउटा स्त्रीमूर्ति पनि त्यहींनै छ । यो स्त्रीमूर्ति पालुङक्षेत्रभरमा सबैभन्दा राम्रो र सुरक्षित मूर्ति हो । हालसम्म यो मूर्तिमा कुनै घाउ, चोट लागेको छैन, तर पाडुकेशरको खुला चौर, प्राइमरी स्कूलको नजीकै भएको हुनाले केटाकेटीहरू र घामपानीबाट यसको सुरक्षा हुनु अति आवश्यक छ । करीब ३ फीट अग्लो र साढे एक फीट गोलाइको यस मूर्तिलाई स्थानीय जनताहरू लक्ष्मीको मूर्ति भन्दछन् । तर मूर्तिको गुण र रूप हेर्दा यो मूर्ति गौरीको हुनु धेरै संभव छ । मधुर मुस्कान र धेरै गहनाहरूले सिंगारिएकी देवीको यस मूर्तिमा मल्लकालीन कलाका धेरै गुणहरू विद्यमान छन् । वास्तवमा पालुङ इलाकाभरमा यसलाई सबैभन्दा ठूलो, सुरक्षित र आकर्षक मूर्ति भने पनि हुन्छ । शंखमूल र माथि बयान गरेको पाण्डुकेशरकै अर्को स्त्रीमूर्तिको सिलसिलालाई गहिरिएर अध्ययन गरेको खण्डमा यो मूर्ति पनि त्यही स्त्रीमूर्तिहरूका परम्परामा बनेको हुनु धेरै संभव छ । मूर्तिको गुण, रूप र बनौट हेर्दा यो पन्ध्रौंदेखि सत्रौं शताब्दीतिर बनेको हुनुपर्दछ । मल्लकालीन कलाको सुनौला दिनहरूमा बनेको यो मूर्ति नेपाली कलाको उच्चतम नमूनाहरू मध्ये एक हो (फलक ६ ख) ।

पालुङ शहरको अर्को प्राचीन तथा कलात्मक मूर्ति हो बिसंखुनारायणको मूर्ति । करीब २ फीट ८ इन्च चौडाइको यस मूर्तिको दायांतिरको प्रभामण्डल र हातहरू टुटिसकेका छन् । भगवान्को दायांमा विनम्रताका साथ दुवै हात जोडी गरुड उभिएका छन् । भगवान्को बायांतर्फको तल्लो हात पनि टुटिसकेको छ र माथिल्लो हातमा चक्र छ । बायांतर्फ देवी लक्ष्मी उभिएकी छन्, देवीको मुहार र हातहरू पनि प्रायः नष्ट भैसकेका छन् । एउटा भग्नमन्दिरभित्र रहेको हुनाले यसको अवस्था साह्रै चिन्ताजनक छ । तसर्थ चांडैनै मन्दिरको जीर्णोद्धार भै मूर्तिको सुरक्षा हुनुपर्दछ । मूर्तिको बनौट र परम्परा लिच्छवीकालीन हो । शायद तिस्टुङको विष्णुमूर्ति (फलक ७ क) भन्दा यो मूर्ति प्राचीन हुनुपर्दछ, जसअनुसार यो मूर्ति नवौं अथवा दशौं शताब्दीतिरको हुनुपर्दछ । भनिन्छ पालुङशहरको चारै दिशामा चार नारायणहरू स्थापना गरेका छन् । ती यिनै हुन् विसंखुनारायण, हरिशंकर, इचंगुनारायण र चांगुनारायण । यसरी प्रशस्त मात्रामा विष्णु र लक्ष्मी, शिव र अरू देवीहरूको प्रतिमाहरूले भरपूर पालुङ शहर प्राचीनकालदेखिनै हिन्दूधर्मावलम्बीहरूको केन्द्र थियो भन्न सकिन्छ ।

## भीमफेदी र हिटौंडा

मकवानपुर जिल्लाको अर्को महत्वपूर्ण स्थानहरू मध्ये भीमफेदी र हिटौंडा पनि हुन् । हिमवत्खण्ड पुराणमा भीमफेदीको महत्वबारे बयान गरेको छ भने महाभारतको हिडिम्बा राक्षस र उनकी बहिनी भुटनदेवीसंग हिटौंडाको सम्बन्ध छ । यसरी प्राचीन ग्रन्थहरूमा उल्लेख भएका स्थानहरू भएका हुनाले यिनीहरूको प्राचीनता स्वत:सिद्ध हुन्छ ।

भीमफेदी भनी उक्त स्थलको नामकरण हुनुमा जनश्रुति पनि छ । जसअनुसार पाण्डवहरूलाई चौध वर्षको वनवास भोग्नुपर्दा भीमसेनलाई कुनै कारणवश काठमाडौं जानु पऱ्यो । हिटौंडामा पुग्दा उनको हिडिम्बा राक्षससंग भेट भो र ती दुबैको घनघोर लडाईं भो, तर भीमसेनको अगाडि हिडिम्बाको केही लागेन र आखिर हार मानी आफ्नी बहिनी भुटनदेवीसंग भीमसेनको विवाह गराई सन्धि गरे । घोसिङमा पुग्दा खानपिन गरी भीमफेदीको बाटो लागे, तर भीमफेदी पुग्नासाथ कुखुरा वासेको हुनाले त्यो रात त्यहीं वास बस्नुपऱ्यो । यसरी भीमसेन वास बसेको

ठाउँ भएको हुनाले यो स्थान प्रख्यात भयो । प्राप्त तथ्यहरू-को आधारमा भीमफेदीको प्राचीनता अठारौं शताब्दीभन्दा टाढा जान सकेको छैन ।

ऐतिहासिक कागजातहरूको संकलनमा भने भीमफेदीमा निकै ठोस कार्य भयो । प्रमुख जिल्ला अधिकारीको कार्यालय पनि सोही ठाउँमा भएको हुनाले सो कार्यालयमा पहिलेदेखि चिसापानी गढीबाट ल्याइराखेका सयकडौंको संख्यामा खड्गनिशाना, एकछापे, दुइछापे, सनद आदि पनि प्राप्त भयो । ती कागजातहरूमा धेरै चाख लाग्दा तथा महत्वपूर्ण कुराहरू उल्लेख गरिएका छन् । जस्तै गढीको नयाँ बंगलामा जरनल र अंग्रेजसम्म बस्न पाउने भन्ने १९८८ सालको खड्गनिशाना, स्वास्नीमानिसहरूलाई फौजदारी मुद्दामा पनि नेल नठोक्नू भन्ने १९८२ सालको हुकुमप्रमांगी, हिटौंड समेत जग्गा बंझ ई जंगल गुल्जार गर्ने बारेको १९९५ सालको सनद इत्यादि ।

सोही पंचायतका प्रधान पंच श्री जगत्सिंह लामा तारागाउँ, हवेलीबाट पनि दुइवटा महत्वपूर्ण लालमोहरहरू प्राप्त हुन आएका छन् जसमध्ये एउटा वि. सं. १९०० सालको भीमफेदीका मिझार कंचरामका नाउँमा गरिदिएको लालमोहर छ जसमा हुलाक चलाउने, काठमाडौंबाट भीमफेदीको बाटो गरी आवतजावत गर्ने, भाइभारदारहरूले कसैलाई पनि बलजफती भारी नबोकाउनू,गाउँ आबाद गरी जुल्जार गर्नू र मिझारले भनेबमोजिम गाउँलेहरूले पनि उनलाई सहयोग गर्नू भन्ने कुराहरू उल्लेख गरिएका छन् । (फलक ७ ख) अर्को चाहि वि. सं. १९२२ सालमा भीमफेदीका मिझार जितमानका नाउँमा गरिदिएको जङ्गबहादुरको रुक्का छ । (फलक ८ कख)

भीमफेदी र हिटौंडाका प्राचीन स्थलहरू भन्नु नै भीमसेनको मन्दिर र भुटनदेवीस्थानहरू हुन् । ती दुवै धार्मिक स्थलहरूमा रहेका मूर्तिहरू प्रायः नयाँनै छन् । तैपनि भीमफेदीको ढलौटको भीमसेन र द्रौपदीको मूर्ति, प्रधान पंच जगत्सिंह लामाको व्यक्तिगत गुम्बामा रहेको लामागुरुको ढलौटको मूर्ति र हिटौंडाको पीपलको बोटमनिको प्रस्तरको स्त्रीमूर्ति भने उल्लेखनीय नै छन् ।

भीमफेदीको गुम्बालाई चार्मलिंग भन्दा रहेछन् । यो जगत्सिंह लामाको पारिवारिक गुम्बा हो । गुम्बा करीब पचास वर्षअघि बनेको थियो । गुम्बाभित्रका भित्तेचित्रहरू र माटाका मूर्तिहरू साह्रै आकर्षक छन् । ती चित्र तथा मूर्तिहरू तिब्बती कलाकारहरूले बनाएका हुन् भन्दछन् ।

यात्राहरूमा हिटौंडामा भुटनदेवीको यात्रा र भीमफेदीमा भीमसेनको यात्रा नै महत्वपूर्ण छन् । हिटौंडामा बस्ती हालसालै मात्र बसेको हो । हिटौंडाको पीपलको बोटमनिको स्त्रीमूर्तिलाई स्थानीय जनताहरू सरस्वती मानी पूजा गर्दछन् । प्रस्तरको यो करीब साढे एक फुट अग्लो र आठ इन्च चाकलो मूर्ति ठ्वाट्ट हेर्दा निकै प्राचीन जस्तो देखिन्छ । तेल र रंगको पोताइले गर्दा मूर्ति नचिन्ने भैसकेको छ । स्त्रीको दायां हातमा कमलको फूल र दायां बायां दुवैतिर नागहरू छन् मूर्तिको शिरभागमा पनि नाग ओडाइएको छ । मूर्ति खास कलात्मक चाहि छैन । पुरातत्व विभागका प्रधान अनुसन्धान अधिकारी श्री जनकलाल शर्माको भनाइअनुसार यो मूर्ति अन्तिम सेनकालको हो । (३१) हुनसक्छ-सेनभूमि मकवानपुर र समीपवर्ती क्षेत्रहरूबाट यो मूर्तिलाई पछिबाट यहाँ ल्याई स्थापना गरेको हो । किनभने हिटौंडामा यसैभन्दा प्राचीन अरू कुनै पनि कलात्मक सामग्री भेटिएको छैन ।

## उपसंहार:-

मकवानपुर जिल्ला नेपाल अधिराज्यको एक प्राचीन तथा ऐतिहासिक जिल्ला हो । खास गरी तिस्टुङ र पालुङ यस जिल्लाका मुख्य, मुख्य प्राचीन लिच्छविकालीन शहरहरू थिए । नेपालको प्राचीन इतिहास र कलाको विस्तृत अध्ययन गर्ने यी दुवै स्थलहरू अति महत्वपूर्णका छन् । यी दुवै ठाउँहरूमा रहेका भग्नावशेषहरूको पनि चाडैनै उत्खनन हुनुपर्दछ, जसबाट अरू धेरै धेरै महत्वपूर्ण कुराहरू अझै थाह पाउन सकिन्छ । निकै मात्रामा प्राचीन कलात्मक सुन्दर मूर्तिहरू त्यसै छरिएर रहेका छन् जुनको अविलम्ब सुरक्षा हुनुपर्दछ । मकवानपुर जिल्लाभरमा पाण्डुकेशर र भीमसेनको मन्दिरबाहेक अरू एउटा पनि मन्दिर, मन्दिरको अवस्थामा छैनन्, तसर्थ ती सबको एक एक गरी जीर्णोद्धार हुनुपर्दछ । मकवानपुरको त्यो प्रसिद्ध ऐतिहासिक गढीको पनि अविलम्ब जीर्णोद्धार गर्नुपरेको छ नत्र अब केही वर्षमै त्यो सम्पूर्ण नै नासिएर जान सक्दछ ।

(अनुसूची–१)

# नारायणी अंचल

**तिस्टुङ यचोक प्राथमिक पाठशालानिर रहेको अंशुवर्माको शिलालेख, लिपि लिच्छवि ।**

१. स्वस्ति नेपालेभ्य: सकलजगद्विसारिकीर्तिरि
२. तिवृतार्यमर्यादाकेतुर्भगवत्पशुपतिभट्टा
३. रकपादानुगृहीतो वप्पपादानुध्यात: श्री महासा
४. मन्तांशुवर्म्म कुशली कुण्डशुल्कतापताधिकृता
५. न्पुरत: कृत्वा पश्चिमद्वारप्रतिवद्ध विषयापा
६. तितदायुक्तकशौल्किक गौल्मिकादीङ कुशलमाभाष्य
७. समाज्ञापयति विदितम्भवतु भवतां यथास्मा
८. भिरेषां तैस्तुंगग्रामीणानाम् लोहचामरमृग
९. रोमकस्तूरिकाकृततात्रमाण्डान्यनिर्हार्याण्यतोस्य
१०. तदन्यद्रव्याण्यादाय प्रक्रययार्थमितो निर्गच्छता
११. न्युसाछत्रोपक्रन्तान्त: प्रविशत; शुल्कतापनादि यथा
१२. देयम्प्रतिमुक्तमेवं वेदिभिरस्मत्प्रतिवद्धजीवनै
१३. रन्यैर्व्वानकैश्चिदप्ययम्प्रसादोन्यथा कार्या यस्त्वै
१४. तामाज्ञामतिवत्योन्यथा प्रवर्तिष्यति तमहन्नरप
१५. (ति) कृत मर्यादाभेदिनं न मर्षयिष्यामि भविष्यद्भि
१६. …तिभि: स्तानकृत विपाकोपतत……

## अनुवाद–

कल्याण होस् नेपालबाट संसारभर कीर्ति फैलाउने यावत् आर्यको मर्यादारूपी भण्डार भएका भगवत्पशुपति परमेश्वरको पाउको अनुग्रह पाएका बाबुको पाउको भलो चिताएका श्री महासामन्त अंशुवर्मा कुशल हुनुहुन्छ । उहाँले कुण्डशुल्कतापनाधिकृतहरूलाई अगाडि राखेर पश्चिम ढोकातिरको व्यवस्था विषयमा लागेका आयुक्तक शौल्किक गौल्मिक आदिहरूलाई कुशल सोधेर आज्ञा हुन्छ । जस्तै हामीले यी तिस्टुङ गाउलेहरूका लागि लोह चवर मृगरोम कस्तूरिका खुद्रा तामाका भाडावर्तनहरू खांचा छन् । यसकारण यसको अन्य द्रव्य लिई खरीद गर्नाका लागि यहाँबाट निस्केका र खरीद गरी सामानसहित पसेकाहरूको जुन तापनादि शुल्क लाग्दथ्यो त्यो मुक्त भयो । यो कुरा जानी हाम्रा जागीरदार वा अरू कसैले पनि अन्यथा नगर्नू । जसले यो आज्ञा उल्लङ्घन गरी अन्यथा गर्नामा लाग्ला राजाले बनाएको मर्यादा तोड्ने त्यसलाई हामी कुनै हालत सहने छैनौं पछि पछिका मानिसले सान विपाक………

N.B. ABHILEKHA PRAKASH
(Lichcchavi Period)
1969, pp 10,11,

(अनुसूची–२)

# ने. सं. ८५९ को

## तिस्टुङ तलेजु भगवतीस्थानको शिलालेख

१. स्वस्ति ।। सम्वत् ८५९ फाल्गुण शुक्ल ।। पूर्णिमा ।। वुधवार ।। थ्व
२. कुन्हु, श्री ३ करुणामयस कृपान श्री माणिग्लाधिपति महा
३. राजाधिराज श्री श्री जय विष्णु मल्ल देव प्रभु थाकुरस आ
४. ज्ञान, त्यस्तु क्वाठ जीर्णोद्धारास्यं, त्यस्तुया रांगा ग्रा
५. मदक्क प्रजापनीस्त द्वादस्यं चोङ दहदारित अन्तर
६. स. दहदारित मध्याचक तओगुलिस, श्री श्री जय विष्णु म
७. ल्ल देव प्रभु थाकुरसन दहदारित थ्याचक प्रसंन्न जुया
८. जुरो, चौतरा दथलाछेया भाजुदेवभाजु देश परमा
९. न तओलाछेया राजारामसिंहभा, दथलाछेया जयम
१०. रसिंह भा, देशया देवार नन्दजु, धनरामजु, गुरुसिंह
११. जु, अमरसिंहजु, रूपसिंहजु, रामभद्रजु, ग्यानदेव
१२. जु।। थ्व दहदारित मध्याचकं ग्वह्मसेनं सेनकंसकाले ओ
१३. हृसस्त, मोटं पे दोर ४००० दण्ड जुरो ।। थ्व देशन ओप
१४. रमान पनिसेन, वर्षप्रति थ्वक्वाठ सेङ ल्होनेमाल, म
१५. ल्होनसा, पंचमहापातक राक जुरो ।। शुभमस्तु ।।
१६. चन्द्र सिंजु, रामशंकरजु, मनिराज ।।

## अनुवाद–

स्वस्ति ने. सं. ८५९ (वि .सं १७९५) फाल्गुण शुक्ल पूर्णिमा बुध वारको दिन श्री ३ करुणामयको कृपाले श्री माणिग्लाधिपति महाराजाधिराज श्री श्री जय विष्णु मल्ल देव प्रभु ठाकुरको आज्ञाले तिस्टुङ किल्ला जीर्णोद्धार गरी तिस्टुङ इलाका गाउँका सबै प्रजाहरूमा पहिलेदेखि बसेका दहदारितलाई बाहेक गरेकोमा श्री श्री जय विष्णु मल्ल देव प्रभु ठाकुरले दहदारितलाई बाहेक नगर्ने निगाह भयो। चौतरा दथलाछेका याजुदेव भाजु, देशका परमान तओलाछेका राजारामसि भा, दथलाछेका जय अमरसिंह भा, देशका दुवार नन्दजु, धनरामजु, गुरुसिंहजु, अमरसिंहजु, रूपसिंजु, रामचन्द्रजु, ज्ञानदेवजु, यी दहदारितलाई बाहेक गरी जसले बिगार्ला त्यसलाई मोहर टंका ४००० दण्ड हुन्छ। यस देशका परमानहरूले प्रतिवर्ष यो किल्ला बिग्रेमा बनाउनुपर्छ। नबनाए पञ्चमहापाप लाग्ला। शुभम्। चन्द्रसिंहजु रामशंकरजु, मनिराज.........

N. B. Published in "Medieval Nepal" Colephone & Descriptions, pp 220 Tns, No. 64,

(अनुसूची-३)

# नारायणी अंचल

**तिस्टुङ इकुटोल पाटीको लक्ष्मीनारायणमूर्तिको पादपीठको ने.सं. ८०९ को अभिलेख, लिपि नेवारी**

१. सम्वत् ८०९ भाद्रपद शुक्ल ॥ अस्तमि ॥ विसा
२. षा नक्षेत्रे ॥ ऐन्द्र योगे ॥ सोम वार थ्वकुन्हु ॥
३. लक्ष्मीनारायण तथा ॥ हरिराम या तरा
४. मन दयका ॥ वसुदेवन तया जुरो शुभ

**अनुवाद-**

नेपाली संवत् ८०९ (वि.सं. १७४६) भाद्र महीना शुक्ल पक्ष अष्टमी तिथि विशाखा नक्षत्र ऐन्द्र योग सोम वार यस दिन लक्ष्मीनारायण राखियो। हरिरामको तजबीजले बनाएको। वसुदेवले राखेको शुभम्—

N. B. Not yet published

# नारायणी अंचल

**पालुङ शहर मण्डल पाटीको ने.सं. ९१० को शीलालेख, लिपि नेवारी**

१. सम्वत ९१० वैशाष थ्व कुन्हु पाल्द
२. दवुलिदेशया धंजुमान भारो श्री सो
३. पिता धंचा भारो ॥ माता द्रौपतिलक्ष्मी स्त्री वाग्म
४. तिलक्ष्मी पुत्र भाजुमन भारो स्नुषा अमृतल
५. क्ष्मी पौत्र मोहनसिह थते समूहन कृ
६. पा दया ओनाङ समुचय मोनाओ थ्व ता
७. हाफले दयकं प्रतिस्था पाङ्न जुरो
८. शुभ

**अनुवाद-**

ने. सं. ९१० (वि. सं. १८४७) वैशाख......यो दिन पालुङ दवुलिदेशका भाजु धनजुमान भारो निजका पिता श्री धन्चा भारो माता द्रौपदीलक्ष्मी, स्त्री वाग्मतीलक्ष्मी, पुत्र भाजुमन भारो, बुहारी अमृतलक्ष्मी, नाति मोहनसिंह, यी सबैको धर्मचित्त भई सबै मिलेर यो मण्डलपाटी बनाई प्रतिष्ठा गरियो। शुभ

# नारायणी अंचल

**पालुङ शिखरकोट गणेशस्थानको वि. सं. १८५२ को**
**शिलालेख, लिपि देवनागरी**

१. श्री गणेशाय नमः ।। ।। साकेस्मितवदाद्रिचन्द्रप्रतिमे शु
२. क्ले सुचौ सद्दिने तोयर्क्षे जीववारे रजनीकरतिथौ ऐन्द्र यो
३. गे शुभेह्नि ।। १ ।। श्री जयराजनृपप्रियो हि मतिमान् त
४. स्यामभूत्श्री गजराज श्रेष्ठमति नृपप्रियतमो दे
५. वद्विजो पूजक ।। २ ।। तस्य श्री गजराजस्य भार्येका
६. देवकी शुभा ।। अपरा सत्यभामाख्या पतिव्रतपरा
७. यणा ।। सा श्रीमत् गणेशप्रित्यर्थे तूनिरख्यान
८. निर्मितम् ।। यथोक्तविधिना कृत्वा प्रतिष्ठापू
९. र्वकं शुभम् ।। ३ ।। सम्वत् १८५२ साल—

## अनुवाद–

श्री गणेशलाई नमस्कार ।। शाके १७१७ आषाढ शुक्ल १५ पूर्वाषाढा नक्षत्र ऐन्द्र योग बृहस्पति वारको शुभ दिनमा राजाका प्यारा बुद्धिमान् श्री जयराजका छोरा असल बुद्धि भएका राजाका अत्यन्त प्यारा देवता र ब्राह्मणलाई आदर गर्ने श्री गजराज थिए । ती गजराजकी एउटी पत्नी रान्नी देवकी भन्ने र अर्की पतिव्रता सत्यभामा भन्ने थिइन् । ती सत्यभामाले श्री गणेशजीको प्रीतिका निमित्त तूनिर नामका गणेश बनाई यथोक्त विधिले प्रतिष्ठा गरिन् । संबत् १८५२

# नारायणी अंचल

**मकवानपुर ग्रहखोला अवाल डांडामा रहेको वि. सं. १९४२ को**
**शिलालेख, लिपि देवनागरी**

१. स्वस्ति श्री मंगल मूर्तये नम ।। स्वस्ति
२. श्री सम्वत् १९४२ सालका रा
३. जा. राजिर प्रिथि वीर विक्रम सा
४. हा मिति पौष सुदि १५ रोज ४
५. तद्दिन मैकापुर राजदेवी वंसगो
६. पाल तत्र निवसत धनन्जय गो
७. त्रा विलमायानाम्नि ब्राह्मण्य कीर्ति छ

## अनुवाद–

स्वस्ति श्री मंगलमूर्तिलाई नमस्कार । स्वस्ति श्री सम्वत् १९४२ राजा पृथ्वी वीर विक्रमका पालामा पौष शुक्ल १५ रोज ४ का दिन एकापुर राजदेवी वंशगोपाल त्यस ठाउँमा बस्ने धनन्जय गोत्रकी विलमाया भन्ने ब्राह्मणीको कीर्ति छ ।

# सहायक पुस्तक तथा पुस्तिकाहरूको सूची



१) इतिहास प्रकाश, सन्धि पत्र संग्रह, भाग १, पृष्ठ५५६
२) राइट् वंशावलि, पृष्ठ १२४
३) History of Nepal, Bikram Jit Hasrat, pp xivii
४) Ibid, pp 51
५) प्राचीन नेपाल, सं. २०२५ संख्या ४, पृष्ठ १५–१७
६) नेपाली निवन्धावलि, श्री जनकलाल शर्मा, पृष्ठ ४२
७) नेपालको इतिहासको रूपरेखा, श्री बालचन्द्र शर्मा, पृष्ठ १९७–२०७
८) प्राचीन नेपाल, सं. २०२५ संख्या ४, पृष्ठ १६
९) नेपालको संक्षिप्त इतिहास, नयराज,तोत्रराज,पृष्ठ२८
१०) नेपालको इतिहास– अम्बिकाप्रसाद, पृष्ठ ७१–७३
११) Prithivi Narayan Shah in the light of Dibya Upadesh by L. F. Stiller, pp 90-92
१२) Ibid
१३) पुरातत्व पत्र संग्रह, भाग २, पृष्ठ ४
इतिहास प्रकाश, सन्धि पत्र संग्रह भाग १, पृष्ठ ५५४–५५५
१४) नेपालको संक्षिप्त इतिहास– नयराज, तोत्रराज पृष्ठ ७७
१५) Prithivi Narayan Shah in the Light of Dibya Upadesh by L. F. Stiller, pp 12
१६) नेपालको संक्षिप्त वृत्तान्त– इतिहास शिरोमणि श्री बाबुराम आचार्य, पृष्ठ २६
१७) History of Nepal- B. J. Hasrat, pp 51
१८) Account of the kingdom of Nepal Kirkpatrick, pp 24
१९) The Poltics of Nepal-- Rose Fisher, pp 95
२०) प्राचीन नेपाल, सं. २०२५, संख्या ४, पृष्ठ १७
२१) स्वस्थायनी व्रत कथा, बाबु माधवप्रसाद, पृष्ठ १४८
२२) "रमझम" मासिक, सं. २०२८, अङ्क ३, पृष्ठ २२
२३) Boston Museum Bullitin, vol Lxvi—1968 Number 345, pp 91
२४) ibid, pp 85-100
२५) प्राचीन नेपाल, सं. २०२४, संख्या १, पृष्ठ २२–२४
२६) The Art of Nepal, S. Kramarich, pp 30-35
२७) प्राचीन नेपाल, सं. २०२६, संख्या १०, पृष्ठ ३३
२८) ibid, pp 32
२९) ibid
३०) The Art of Nepal : S. Kramarich, pp 56
३१) प्राचीन नेपाल, सं. २०२४, संख्या २, पृष्ठ २


## अनुसूचीहरू


१) अनुसूची— १
तिस्टुङ थहचोकको अंशुवर्माको शिलालेख
(अभिलेख प्रकाश– हेमराज शाक्य, सन् १९६९, पृष्ठ १०–११)

२) अनुसूची— २
तलेजुस्थित विष्णु मल्लको शिलालेख –
(कोलोफोनस् एण्ड इन्स्क्रप्सन "मेडियभल नेपाल"मा प्रकाशित– अभिलेख नं. ६४, पृष्ठ २२०)

३) अनुसूची— ३
तिस्टुङ इकुटोलको लक्ष्मीनारायणको पादपीठको अभिलेख – (अप्रकाशित)




क, मकवानपुरको किल्ला । पृ ३६




ख, मकवानपुरको किल्ला । पृ ४०




क, वत्सगोपालको मूर्ति । पृ ४०



ख, तिस्टुङ पहचोकको अंशुवर्माको शिलालेख । पृ ४२



क, तिस्टुङको ढुङ्गेधारा । पृ ४२




ख, तिस्टुङको उमामहेश्वरको मूर्ति । पृ ४५



क, तिस्टुङको लक्ष्मीनारायणको मूर्ति । पृ ४५



ख, तिस्टुङको बिष्णुको मूर्ति । पृ ४५



क, वि. सं. १८९६ सालको जग्गा विषयको लालमोहर । पृ ४६




ख, पालुङको पाण्डुकेश्वरको मन्दिर । पृ ४७




क,पालुङ, शंखमूलको स्त्रीमूर्ति । पृ ४७



ख, पालुङ, पाण्डुकेशर स्थानको स्त्रीमूर्ति (गौरी) । पृ ४८



क, पालुङको बिष्णु मूर्ति । पृ ४८



वि. सं. १९०० सालको भीमफेदीका मिझार कंचरामका नाउमा गरिदिएको लालमोहर– पृ ४९



क, पालुङका रैतीलाई गरिदिएको बन्देजको लालमोहर। पृ ४९



क, वि. सं. १९२२ सालमा भीमफेदीका मिझार जितमानका नाउमा गरिदिएको जङ्गबहादुरको रुक्का– पृ ४९